Jana Aakash National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १७, अंक- ११ २०८१ साल कातिक ६ गते मंगलबार (OCT 22, 2024) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

## कुलेखानी फाखेल-सिस्नेरी सडक पुनः सञ्चालनमा



मकवानपुर- कुलेखानी फाखेल-सिस्नेरी सडक कातिक ५ गते देखि पुनः सञ्चालनमा आएको छ। हेटौँडाबाट काठमाडौंतर्फ जोड्ने भीमफेदी कुलेखानी सडकअन्तर्गत पर्ने मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-२ सिमखोलाको सडकमा मर्मतसम्भार र ह्युम पाइम बिछ्याउने कार्य सम्पन्न भएपछि सडक पुनः सञ्चालनमा आएको हो ।

कुलेखानी सडकअन्तर्गत सिमखोलाको सडक तीन दिनअघि मर्मतसम्भार गर्न र ह्युम पाइप बिछ्याउन यातायात सञ्चालनमा रोक लगाइएको थियो । हेटौँडाबाट काठमाडौंतर्फ हलुका सवारीसाधनलाई त्रिभुवन राजपथको दामन, पालुङ, चित्लाङ हुँदै थानकोट जान एकतर्फी सञ्चालनमा ल्याइएको जिल्ला प्रहरी कार्यालयको प्रवक्ता तथा प्रहरी नायब उपरिवेक्षक श्यामु अर्यालले बताए ।

काठमाडौंबाट हेटौँडातर्फ आउने सवारीसाधनलाई एकतर्फी कान्तिलोकपथ र दक्षिणकाली सिस्नेरी सडक भएर सञ्चालनमा ल्याइएको छ । अब नियमित रुपमा हलुका सवारीसाधन भीमफेदी, कुलेखानी सडकअन्तर्गत पर्ने फाखेल, सिस्नेरी र चखेल, मातातीर्थ एवं कान्तिलोकपथबाट सञ्चालन गरिने प्रवक्ता अर्यालले जानकारी दिए ।

# बिपी राजमार्गको निर्माणमा केन्द्रीत हुन सरकारलाई आग्रह

**मोहन कार्की**

काभ्रेपलाञ्चोक । यतिवेला नेपालको लाइफ लाइनको नामले चिनिने बिपी राजमार्ग २०८१ साल असोज १२ र १३ गते आएको बाढीले तहस नहस बनाएको छ ।

काभ्रे जिल्लाको काभ्रे भञ्ज्याङ वाट नै पैरोले सडक पुर्दा साना ठूला अवरोधहरु भएका थिए । हाल ति पैरो पन्साएर सवारी आगमन गराएको छ । दाप्चा खोलाले क्षति पुऱ्याएको ठाउँमा भित्तावाट अर्को नयाँ टयाक खोलेर सवारी आगमन गराइएको छ । भने दाप्चा र रोशी खोलको दोभानभन्दा माथि चौकी डाडा आसपासको खोलामा खसेको कारण नयाँ ट्याक खोलेर रोशी र दाप्चाको दोभानवाट घुमाएर पुनः पहिलाको सडकसँग जोडिएको छ ।

जव रोशीसँग जोडिएका सडकहरु कही कतै पनि सुरक्षित छैनन् । सडक भेटिएपनि अवशेषको रुपमा मात्र बाकी छन् । काभ्रेको नार्के भन्ने ठाउको बजार रोशीको कटानका कारण नामो निशान केही पनि देखिदैन । जवसम्म राशीले सुनकोशी भेटाउदैन तवसम्म रोशीको बगरै बगरै सवारी साधनको लागि कच्ची सडक बनाएर आवाज जावत गराइएको छ । यस बिपी राजमार्गमा यात्रा गर्दा अचेल थुप्रै पीडा र दुखःलाग्दा दृष्यहरु देखिन्छ ।




किसानहरुले मेहनत गरेर लगाएको रोशी खोला आसपासका किनारहरुमा बालुवाले धान पुरेर बगर बनाएको दृष्यले कर्मशील मानिसहरुलाई भावुक बनाएको छ । कति मानवीय क्षति भयो धनमालको त कुरै नगरेपनि भयो रोशी आसपासका जनताको जीवन जिरो अवस्थावाट शुरु गर्नुपर्ने भएको देखिन्छ ।

बाढी, पैरोवाट पीडिट भएकाहरु जस जसको आफन्त छन् । उनिहरु हाल काठमाडौतिर आश्रय लिन गईसकेका छन् भने जसको आफन्त छैनन् उनिहरु मात्रै सुरक्षित क्षेत्रमा कठिनपुर्ण जीवन ब्यातित गरिरहेका छन् ।

बाढी, पीडितलाई सबै नेपालीहरु मिलेर सहयोग गर्नुपर्ने वेला हो । तर राजनीतिक आस्था र कतिपय ठाउँमा जातिय रङ दिएर खिस्याउने जस्ता कुराहरु भईरहेको सुनिन्छ । यो अत्यन्तै दुखःको विषय हो ।

एकातिर बाढी पीडितलाई सहयोग गर्नुपर्ने अर्कोतिर देशकै सबैभन्दा छोटो दुरीको रुपमा रहेको लाईफ लाइनको पुनः निर्माणको चुनौती देशले ब्याहोरी रहेको वेला सरकार, प्रतिपक्ष, सामाजिक संघ, » बाकी ६ पृष्ठमा

## पर्यटन व्यवसायी वसन्त मिश्रको निधन



काठमाडौं- पर्यटन व्यवसायी वसन्तराज मिश्रको उपचारका क्रममा ७२ वर्षको उमेरमा निधन भएको छ ।

उनि केही दिनअघि डेङ्गी लागेर नर्भिक अस्पताल भर्ना भएका थिए । मिश्रको पार्थिव शरीर श्रद्धाञ्जलिका लागि कुपण्डोलस्थित निवासमा दुई घण्टा राखिने र दिउँसो पशुपति आर्यघाटमा दाहसंस्कार गरिने पारिवारिक स्रोतले जनाएको छ ।

मुलुकको पर्यटन विकासका खातिर टेम्पल टाइगर ग्रुपका अध्यक्ष मिश्रले पाँच दशकभन्दा लामो समय योगदान गरेका थिए । मिश्रका श्रीमती र एक छोरा रहेका छन् ।

## सीमामा सैन्य गस्तीबारे चीन र भारतबीच नयाँ सम्झौता




काठमाडौं- चीन र भारत लाइन अफ एक्युअल कन्ट्रोल (एलएसी) अर्थात दशगजा क्षेत्रमा हुने सैनिक गस्तीबारे नयाँ सम्झौतामा पुगेका छन् । यसले सीमामा रहेका दुई देशका सैनिक पछाडि हट्ने र सन् २०२० को विवाद समाधान हुन सक्ने बताइएको छ ।

सोमबार पत्रकार सम्मेलन गरेर भारतीय विदेश सचिव विक्रम मिस्रीले दिएको जानकारीअनुसार पछिल्लो केही सातादेखि भारत र चीनको बीचमा राजनीतिक र सैन्यस्तरमा कुराकानी भइरहेको थियो । उनले अगाडि भनेका छन्, ‘दुबै देश एलएसीमा सैनिक गस्तीलाई लिएर एउटा सम्झौतामा पुगेका छन् ।’


२०२० मा पूर्वी लद्दाखमा चीन र भारतका सैनिकहरुबीच हिंसात्मक झपड भएको थियो । यसमा २० भारतीय सैनिक मारिए, केही चिनियाँ सैनिकको पनि मृत्यु भयो ।

यो घटनापछि दुबै देशको सीमामा तनाव छ । यो घटनापछि दशजगाको जुन इलाकासम्म भारतीय सैनिकले गस्ती गर्थ्यो, त्यहाँ पुग्न चीनले रोकेको भारतीय दाबी छ ।

अब भारत २०२० को अवस्थामा फर्किने विदेशमन्त्री एस जयशंकरले बताएका छन् ।

भारतका सामरिक विशेषज्ञ ब्रम्हा चेलानी भने भारत र चीनको बीचमा सन्य गतिविधि अन्त्य गर्ने कुनै घोषणा नभएको बताउँछन् । बीबीसी हिन्दीका अनुसार उनले भनेका छन्, ‘ब्रिक्स समिटमा मोदी र सी जिनपिङको बैठकलाई सहज बनाउन दुबै देश गस्तीबारे एउटा सहमतिमा पुगेका हुन् ।’

ब्रिक्स समिट २२-२३ अक्टोबरमा रुसमा हुनेछ । सम्मेलनका क्रममा चीनका राष्ट्रपति सी, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच द्वीपक्षीय भेट हुनसक्ने छ । भारतीय विदेश सचिव मिस्रीले भने भेटवार्ताको पुष्टि गरेका छैनन् ।



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ११, २०८१ साल कातिक ६ गते मंगलबार (Oct 22, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन ।
सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### बाढी, पैरोले नहस नहस बनाएको ठाउ निर्माण गर्न जुटौं ।

नेपालमा २०८१ साल असोज १२-१३ गते आएको बाढी, पैरोले देशका बिभिन्न क्षेत्रमा जनधनको क्षति पुऱ्याएको छ । उक्त क्षेत्रमा पुन: निर्माण र पीडित परिवारलाई राहात व्यवस्थापन यतिवेला चुनौतिको विषय भएको छ ।

तर राजनीतिक पार्टीहरुको ध्यान यता जनताको पक्षमा भन्दा पनि आृनो स्वार्थमा लागेको देखिन्छ । आ-आृनै राजनीतिक दाउपेजमा बढी केन्द्रीत भएका देखिन्छन् ।

सरकारमा रहेका पार्टीहरु सरकारमा कसरी टिकीरहन सकिन्छ भनेर लागेको देखिन्छ । सत्ताभन्दा बाहिर रहेकाहरु कसरी उप्रद्रो मच्चाएर स्टन्डबाजी गर्न सकिन्छ । वा सरकारलाई अृठ्यारो पारेर सरकार ढाल्न पाए सरकारमा आफै जान पाइन्छ भनेर लागेको देखिन्छ । यो हेर्दा अहिलेसम्म निर्वाचन कार्यालयमा दर्ता भई चुनाव जितेर सदनमा पुगेका राजनीतिक पार्टीहरु जनता प्रति जवाफदेही भएको पाईएको छैन । यो नेपाली जनताको लागि निक्कै दुख:को कुरा हो ।

गएको असोज १२ गते गएको बढी र पैरोले सवैभन्दा बढी क्षति काभ्रे जिल्लाको रोशी आस पास क्षेत्रमा बसोबास गर्ने नागरिकहरुलाई प्रभावित भएका छन् । त्यहाका जनताले यतिवेलासम्म राज्य वा सामाजिक दाईत्व बहन गर्छु भनेर समाजमा रहेका संघ, सस्थाको साथ सहयोगको आशा गरेर बसेका छन् । तर राजनीतिक पार्टीहरु त्यस क्षेत्रमा नगएर रास्वपा भन्ने पार्टीत आृनो पार्टीका सभापतिले गरेको गल्ती ढाकाछोप गर्नलाई सडकमा उत्रेर तमासा देखाईरहेको छ ।

उसको ध्यान बाढी पीडित जनताको भन्दा पनि पोखरामा गएर पार्टी सभापतिको गलत कार्याहरु ढाकाछोप गर्नुमा समय खर्च गरिरहेको छ । सवै मिलेर बाढीले प्रभावित भएका जनताको पक्षमा काम गर्नुपर्ने वेला यसरी गैर जिम्मेवार भएर सवै खालका निकायहरु विमुख हुदा नेपालका सोजा साजा नागरिकले सेवा सुविधावाट बञ्चित हुनुपरेको छ ।

यतिवेला जनताकोस्तरवाट नै बाढी प्रभावित क्षेत्र र बाढी र पैरोले क्षति पुऱ्याएको ठाउँहरुमा पहल नगर्ने हो भने जनताले हिड्ने सडक, पिउने पानी, बाल्ने विजुलीको निर्माण कसैले चासो नदिने हुनाले जनता स्वय यस्ता बाढी, पैरो प्रभावित क्षेत्रमा जुट्नुपर्ने देखिन्छ ।

जनताकोस्तरवाट नै काम शुरु गरेपनि बाध्य भएर अन्य निकायहरु पनि साथ समर्थन गर्न आउनेछन् । नभए त गैर जिम्मेवार बन्दै गएका राजनीतिक पार्टी र सरकारको आशा गरेर बस्ने हो भने त नेपालको लाईफ लाइनमा रहेको बिपी राजमार्ग त्यति सजिलै बन्ने काटछाट देखिदैन ।

# 'पाचखाल नगर-कृषि शहर' एक परिचय



**उपेन्द्र बानियाँ, पाँचखालक**

प्रदेश न. ३ काभ्रेपलाञ्चोक जिल्लामा अबस्थित पाँचखाल नगरपालिका, जिल्लाको तत्कालीन पाँचवटा गाविसहरु समेटी नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७१ बैशाख २५ गतेको निर्णयबाट पारित भै स्थापना भएको हो । यस नगरपालिकामा समेटिएका साविकका पाँचखाल, होक्सेबजार, देवभुमि, वालुवा, अनैकोट र साठीघर भगवती गा.वि.स.हरु गाभिएका थिए । साथै मिति २०७३ ।११ ।२७ को नेपाल सरकारको निर्णय अनुसार थप साबिकका दुई खरेलथोक र कोशीदेखा गाविस गरि सात ओटा गाविसहरु मिली संघियता पश्चातको पाँचखाल नगरपालिका बनेको हो । यस नगरपालिकाको कुल क्षेत्रफल १०३ वर्ग किमि रहेको छ । हाल १३ वटा वडामा विभाजन गरिएको यस नगरपालिका काभ्रेपलाञ्चोक जिल्लाको क्षेत्रफलको आधारमा दोश्रो ठुलो नगरपालिकाको र रहेको छ ।

यो नगरपालिकाको पूर्वमा भुम्लु गाँउपालिका, पश्चिममा धुलिखेल र बनेपा नगरपालिका, उत्तरमा मण्डनदेउपुर नगरपालिका र भुम्लु गाँउपालिका एवम् दक्षिणमा तेमाल गाँउपालिका, नमोबुद्ध र धुलिखेल नगरपालिका रहेका छन । नगरपालिकामा कृषिको प्रचूर सम्भावना रहेको छ । पर्यटकीय क्षेत्रको रुपमा रहेको पलाञ्चोक भगवतीको मन्दिर, अनेकोट भ्यु टावर, दुग्धेश्वर मन्दिर, केराधारी, खावा, कोटदेवी, सुनकोशी नदी किनार आदि परिचित रहेको हुदाँ यहाँ स्थानीय पर्यटन आर्थिक क्षेत्र (सेज) को समेत निर्माण भईरहेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार पाँचखाल नगरपालिकाको कुल जनसंख्या ३७७९७ रहेको छ । घरधुरी संख्या: ७,१४८ रहेका छन् ।

**गाउँबाट बेशी तर्फ आकर्षण ।**

यस उपत्यकाको वरिपरि पलाञ्चोक, अनेकोट, रविओपी, जैसीथोक, पाल्लेखेतका डाडाहरुले घेरिएको छ । यो उपत्यका कम उचाईमा रहनु, मलिलो हुनु, तत्समयमा खोलामा पानी हुनु, माटो उब्जाउ खालको हुँनु, आदि कारणले गर्दा औलोको डर हुँदा हुँदै प्रसस्त गाउलेहरु बेशी सर्न थालेका हुन् । यहाँ बर्षामा केही गर्मी हिउदमा केही जाडोहुने गर्दछ । यहाको गृष्मकालीन तापक्रम सरदर ३२-३३ डिग्री सेल्सियम (९०-९५ फरेन हाइट) सम्म पुग्छ भने हिउदमा बाक्लो हुस्सुका कारण बिहान १० बजेपछि मात्र घाम लाग्ने हुनाले जाडो बढी महसुस हुन्छ । डाँफे र झिकु खोलाहरुद्धारा सिंञ्चित यो. वेशी मलिलो भएरनै, औलो लाग्ने डर भए पनि हतारमा बेशी सरेका हुन् । तर धेरै पहिलादेखि दनुवार जातिहरुको बसाई भने थियो । सन १९७० को सुरुआतबाट सरकारले मित्रराष्ट्रहरुको सहयोगमा औलौ उन्मुलन कार्यक्रम सञ्चालन गरी चारपाँच वर्ष सम्ममा औलो पूरा नियन्त्रणमा आयो । त्यसैताका अरनिको राजमार्ग निर्माण पनि पूरा भइसकोले उत्पादन बजारमा लान र मलखाद् ल्याउन पनि सजिलो । राजमार्गको विकासले अन्य जातिहरुको पनि आकर्षण बढ्दै गयो । कृषि: सिंचाईको सुविधा, मलिलो पागो माटो, यातायातको सुविधा, हावापानीको अनुकुलताको कारण यो क्षेत्र कृषिका लागि महत्वपुर्ण क्षेत्र मानिन्छ । धान, गोलभेडा, आलु अन्य तरकारीहरु यहाँ उत्पादन गरिन्छन् । भने आलु खेतीको लागि पाँचखाल प्रख्यात रहेको छ । यसका अतिरिक्त आँप, केरा, लिची, मेवा आदि फलफूलहरुको उत्पादनको लागि परम्परागत बगैचाहरु आँपधारी, कर्केटारवाट उत्पादन हुन्छन् भने सरकारी स्वामित्वमा रहेको ७.३५ हेक्टर क्षेत्रफल भएको पाँचखाल बागवनी केन्द्रवाट आँप, लिची, केरा, मेवा आदि उत्पादन गरी बिक्री वितरण गरिन्छ । साथै फलफूल र अन्य मशलाजन्य वोटविरुवा उत्पादन गरी वितरण गर्दै आइरहेको छ ।

पाँचखालको कृषि क्षेत्रको लागि सिंचाईको अभाव रहेको छ । यहाँ पानीको स्थायी स्रोत नभएको साथै नेपाल सरकारवाट सिंचाईको लागि बाँधहरु निर्माण नभएको हुँदा परम्परागत रुपमा रहेका राजकुलोहरुवाट सिंचाईको प्रबन्ध गरिन्छ । सुख्खा मौषमामा डाँफे खेला र सिकु खोलामा पानी सुक्ने भएकाले किसानहरुले खेत खेतमा नै बोरिङ गरी पानी तानेर सिंचई गर्ने गरेका छन् । सिंचाईको लागि किसानहरुले राजकुलोको पानीको लागि राति राति पालो कुरी खेतमा सिंचाई गर्ने गरेका छन् । यहाँका किसानहरु प्राङगारिक र रासायनिक मल प्रयोग गर्ने गर्दछन् भने बढी मात्रमा रासायनिक मल प्रयोग गर्दछन् । कहिलेकाही समयमा रासायनिक मल सहज रुपमा उपलब्ध नहुदा समस्या पर्ने गरेको देखिन्छ ।

रासायनिक मल बिक्री सहकारी संस्थाहरुले गर्दै आईरहेका भए पनि पहुच नहुने किसानहरुलाई कठिनाई भईरहेको छ । यस क्षेत्रको नगदे वालीहरुमा आलु, गोलभेडा र तरकारी नै हो । खेती गर्दा किसानहरुले प्रशस्त मात्रमा किटनाशक औषधीहरुको प्रयोग गर्ने गरेको पाईन्छ । विषादीको अत्याधिक प्रयोगले यहाँको वातावरण र मानव स्वास्थ्यमा असर पर्छ भन्ने बारे मोटिभेसनको कमी देखिन्छ । उत्पादन बृद्धि भएता पनि यसवाट हुने दिर्घकालीन हानीहरु माटोको उर्वर शक्तिमा ह्रास, मानिसको स्वास्थ्यमा प्रतिकुल असर, वातावरण प्रदूषण आदि चिन्ताको विषय रहेका छन् ।

यसका साथै किटनाशक बिषादि प्रयोग गर्दा अपनाउनु पर्ने पूर्व सावधानी अपनाएको पाईदैन । घर घरमा विषादि सजिलै उपलब्ध गराएको हुनाले केही व्याक्तिहरुले एकछिनको रिसको झोकमा उक्त विषादि सेवन गर्दा गर्दै कैयौं वयक्तिको ज्यान समेत गईसकेको छ । किटनाशक औषधी र रासायनिक मलको प्रयोग उपयोगिता, प्रयोग विधि आदिको वारेमा किसानहरुसँग नेपाल सरकार र स्थानीय सरकारले वेला वेलामा छलफल गरी ज्ञान दिनुपर्ने अत्यन्तै जरुरी देखिन्छ भने रासायनिक मल र अनावश्यक विषादीको प्रयोगवाट गरिने खेती प्रणालीलाई निरुत्साहित गर्दै अर्गानिक खेती तर्फ पाँचखालका किसानहरुलाई अभिप्रेरित गर्न यहाँको केन्द्रीय र स्थानीय सरकारले पहल गर्नुपर्ने देखिन्छ ।

किसानहरुले उत्पादन गरेको तरकारीहरुको ठूलो बजार काठमाडौ उपत्यका रहेको छ भने स्थानीय बजारको रुपमा पाँचखाल बजार, बनेपा, धुलिखेल रहेका छन् । सरकारको अस्पष्ट नीतिका कारणले यहाँको किसानहरुले उचित मूल्य प्राप्त गर्न सकेका छैनन् । छिमेकी देश भारतवाट आयतित हुने तरकारीहरुको कारण यहाँको तरकारीहरुले बजार पाईराखेका छैनन् । नेपाल सरकारवाट तरकारी खेतीमा कुनै किसिमको अनुदान नपाइने हुनाले यहाँको तरकारीको उत्पादन लागत नै बढी हुन्छ । बजारमा बिक्रीको अभावमा कहिलेकाही यहाँका किसाहरुले उत्पादन गरेका तरकारीहरु खेतमा नै कुहाँउन बाध्य हुनुपरेको छ ।

काठमाडौ उपत्यका ठुलो बजारको रुपमा रहेको भएता पनि यहाँका किसानहरुको पहुच बजारसम्म नहुने भएकाले बिचौलिया मार्फत नै तरकारीहरु बिक्री गर्न बाध्य छन् । बिक्रीको ठूलो हिस्सा रकम बिचौलियाले नाफा कमाउने हुँदा न्यून मूल्य मात्र किसानहरुले प्राप्त गर्दछन् ।

बिचौलियाहरुले मनपरी दरभाउ राख्दा यहाँका किसानहरु आजित भएका छन् । बिचौलियाहरुले तरकारीहरु बजारमा बिक्री गरी सकेर आफुलाई प्रशस्त नाफा राखेर मात्र किसानलाई मूल्य र हिसाव किताव बुझाउने गरेका छन् । जसका कारणले किसानहरु पीडीत र बिचौलियाहरु मोटाई रहेका छन् ।

पाँचखालमा रहेका कृषि सहकारीहरु र स्थानीय सरकारले यहाँको उत्पादनमा कुनै चासो दिएको पाईदैन । किसानको अवस्था दिन प्रतिदिन दयनीय भइरहेको छ । किसानहरुको जीवनस्तरलाई सुधार गर्न नेपाल सरकार स्थानीय सरकारले बजार व्यवस्थापनमा ध्यान दिन जरुरी देखिन्छ । यसको लागि स्थानीय कृषि सहकारी मार्फत वा स्थानीय निकायले आफ्नो पहलमा तरकारी र दुध उत्पादनलाई उचित मूल्यमा खरिद गरी बजारसम्म पुऱ्याई दिएर पाँच खालका किसानहरुको जीवनस्तर माथि उठाउन अत्यन्तै जरुरी छ । यसका साथसाथै किसानहरुको खेतखेतसम्म पुग्ने कृषि सडकहरुको निर्माण गरी दुवानीमा सहज र सिंचाईको प्रबन्ध गर्न सके मात्र "पाँचखाल नगर-कृषि शहर" को सपना पूरा हुनसक्छ ।

यस्तै गरी किसानहरुलाई अनुदान र समय समयमा आवशयक तालिमको, सेमीनार गोष्ठिआदि ज्ञान बर्द्धक शिक्षा दिएर आधुनिक कृषि प्रणलीमा अग्रसर गराउन समेत सरकार र स्थानीय सरकारले पहल गर्न जरुरी छ । यसो गर्न सकेमा मात्र किसानहरु सँगसँगै देशले पनि आर्थिक प्रगति हाशिल गर्न सक्नेछ ।

यत्ति गर्न सकिएको खण्डमा पाँचखालका जनताहरु यसैपनि बढीसे बढी कृषिमा आश्रित भएर जिविकोपार्जन गरीरहेकोमा, खेत हुनेले खेतको आयस्थाबाट, खेत नहुनेले खेत भाडामा लिएर, त्यो पनि नसक्नेले त्यै फाँटको रोजगारी बाट जिविकोपार्जन गरी जीवनस्तर उकास्ने छन् ।

स्थानीय सरकारले यहाँको शिक्षा र स्वास्थ्यमा समेत त्यतिकै ध्यान दिन जरुरी देखिन्छ । पाँचखालमा चक्रपथ निर्माण, प्रदुषण रहित हरियाली युक्त नगर बनाउन समेत जरुरी छ । यहाँका विद्यालयहरु, कलेजहरु, दुध संकलन केन्द्र र अन्य निकायहरुलाई पनि सवल र सक्षम बनाउन जरुरी छ । अरनिको राजमार्ग नगरका भित्री सडकहरुलाई स्तरउन्नती, कालोपत्रे गरेर पाँचखालवासीको जनजीवनलाई सहज बनाउन अत्ति नै आवश्यक छ ।

# अब्बल छिन् समाजसेवामा रोल्पाली चेली यमकला



■ नन्दलाल खरेल

**काठमाडौं-** 'सेवा नै धर्म हो' भन्ने मान्यता बोकेकी 'रोल्पाली चेली फाउण्डेशन' कि अध्यक्ष यमकला के.सी. दशैंको कोजाग्रत पूर्णीमा कार्तिक १ गतेको दिन शङ्करापुरानगरपालिका बडा नं. ६ स्थित सलम्बुटारमा रहेको द्वन्द पिडित तथा अपांग समाज नेपालका बालबालिकालाई टीका लगाई दक्षिणा दिई फलफूल खुवाएकी छिन् ।

उनीसँग समाजसेवी तथा बरिष्ठ पत्रकार राजन थापा समेत सहभागी भएका थिए । थापाले विभिन्न सहयोगी मन भएका दाता तथा समाजसेवीहरुलाई उक्त 'अपाङ्ग समाजमा' विगत लामो समय देखि पुऱ्याउने गरेका छन् ।द्वन्द पिडित तथा अपाङ्ग समाज नेपालका अध्यक्ष युवराज थापा वैरागीले फेरी आफूले बालबालिकाहरुलाई भविष्यमा पनि थुप्रै सहयोग गर्ने कुरा बताए ।

द्वन्द पिडित तथा अपाङ्ग बालबालिकाहरुलाई सहयोग गर्ने उनमा विशेष रुचि छ । यमकला त्यहाँ पुग्दा बालबच्चाको अवस्था देखेर भावुक बनेकी थिइन् । उनी अपाङ्ग बालबालिकासँग नाचगान गरेर समेत रमाएकी थिइन ।

द्वन्द्व पडिति तथा अपाङ्ग समाज नेपाल देशको प्रमुख प्रशासकीय भवन सिंहदरवारबाट १६ कि.मि उत्तरमा अवस्थित रहेपनि राज्यको आँखा सामाजिक कार्य गर्ने यस्ता संस्थामा कहिलेपनि नपरेको बताउँछन् । अध्यक्ष युवराज थापा बैरागी आफूपनि पूर्ण रुपमा अपाङ्ग छन् ।

उनको कम्मर चल्दै चल्दैन । तर उनले विगत दुई दशकदेख विभिन्न अपाङ्ग तथा द्वन्द्व पिडित बालबालकिाहरुको लालनपालन, औषधिउपचार तथा शिक्षा दिक्षा गराईरहेका छन् । समाजमा हाल ५३ जना बालबच्चा, बालबच्चा रेखदेख गर्ने आमाहरु,कर्मचारी र आफू सहित ६३ जना रहेका छन् ।

वभिन्नि सहयोगी मन भएका व्यक्तहिरु तथा दाताहरुबाट बालबालकिाको खर्च जुटाईरहेका छन् । उनी भन्छन्, राज्यले २०७३ सालदेखि वार्षिक रुपमा ५ लाख दिइरहेको भएपनि त्यसले एक छेउ पनि नपुग्ने दुखेसो पोख्छन् ।

स्थानीय निकायले हामीलाई कुनै सहयोग गरेको छैन । समाजसेवी तथा पत्रकार राजन थापाले हामीलाई सहयोगको वातावरण जुटाइरहनु भएको छ । आफूबसेको यो ठाउँ पनि अब ०८२ जेठ देखि छोड्नुपर्ने अवस्था रहेकोले यी लालाबाला लिएर कता जाने हो ? कुनै टुङ्गो नरहेकोले यी द्वन्द्व पिडित बालबच्चहरु अब कहाँ लगेर कसरी व्यवस्थापन गरौं भन्ने चिन्ताले पिरोलेको छ भन्दै मिडियाकर्मीसँग दुखेसो व्यक्त गर्छन् । उनी भन्छन् कुनै निकायले हामीलाई उपर्युक्त स्थान उपलब्ध गराउने हो भने त्यहिं स्थानमा हामी भवन बनाउने हिम्मत गर्छौं ।

यमकला एकदमै सरल महिला हुन् । उनमा कत्तिपनि बडब्पन छैन् । उनको सानै देखि समाज सेवामा रुचि थियो । विगत दुई दशक देखि विभिन्न समाज सेवामा उनि सक्रिय छिन् ।

भूकम्प, कोरोनामा उनले थुप्रै पिडित परिवार, असाहाय, गरिब , अपाङ्गहरुलाई सहयोग गरेकी थिइन् । यद्यपि उनी आफुले गरेको सहयोग लुकाउन खोज्छिन् ।

यमकलाले बि.सं २०८० सालमा 'रोल्पाली चेली फाउण्डेशन' खोली विभिन्न सामाजिकार्यहरुमा सक्रिय छिन् । यो फाउण्डेशन मार्फत उनले अनाथ बालबालिका ,बृद्ध बृद्धाहरुलाई सहयोग पुऱ्याउदै आएकी छिन् ।

त्यति मात्र होइन विभिन्न महिलाहरुलाइ सीपमूलक तालिम दिई आत्मनिर्भर बनाउदै आएकी छिन् । उनले फाउण्डेशन मार्फत नेपाल सरकार, विभिन्न बाह्य निकाय बाट पनि सहयोग जुटाई समन्वय गरि उदाहरणीय काम गरेकी छिन् ।

उनले आफ्नो गृह जिल्लामा खुङ्री गाउँपालिकाअन्तर्गत भव्य बृद्धा आश्रम बनाउदै छिन् । पर्यटकिय हिसाबले पनि त्यो निर्माणस्थल भविष्यमा निकै महत्वपूर्ण हुने ठानिएको छ ।

उनी समाज सेवामा जति अब्बल छिन् । त्यति नै गायनमा बेजोड छिन् । हालै तिजको नजिक गायिएको गीत ' शिवजीको नाम' अहिले निकै चर्चामा छ ।

यो गीतमा गायन ,नृत्य र शब्द सबै उनको रहेको छ । समाजसेवा र गायनमा मात्र होइन खेलप्रति पनि उनको त्यतिकै रुचि छ । उनी ताइक्वान्दो खेलाडी हुन् । खेलले मानिसलाई अनुशासित बनाउने उनको धारणा छ । खेलको माध्यमले देशलाई विश्वमा चिनाउने काम गर्दछ उनी भन्छिन् ।

उनी कुनैपनि राजनितिक दलमा आबद्ध छैनन् । यद्यपि सबै राजनीतिक दलका नेताहरु संग उनको सहकार्य छ । भविष्यमा उनी राजनीतिका माध्यमबाट समेत देश र समाजसेवा गर्ने इच्छा व्यक्त गर्छिन् । राजनीति भनेको सेवा र त्याग हो । तर यहाँ राजनीतिलाई फोहोरी बनाइयो उनी भन्छिन् ।

# मोरङको प्रहरी इन्चार्जमा सरुवा भएका राजन लिम्बुको काज रद्द

काठमाडौं- जिल्ला प्रहरी कार्यालय मोरङको प्रमुखमा पुनः एसपी नारायण चिमरियालाई काज सरुवा गर्ने निर्णय गरिएको छ । कार्तिक २ मा प्रहरी प्रधान कार्यालयले प्रहरी उपरीक्षक राजन लिम्बुलाई पठाउने निर्णय गरेको थियो । तर, ३ दिनमै सो निर्णय रद्द गरेर चिमरियालाई काज सरुवा गर्ने निर्णय गरिएको प्रहरी प्रधान कार्यालयका एक जना अधिकृतले बताए ।

यसअघि मोरङमा कार्यरत एसपी नवराज कार्कीलाई जिम्मेवारीबाट हटाएर प्रहरी प्रधान कार्यालयमा झिकाइएको थियो । उनीमाथि आर्थिक अपचलन गरेको आरोपमा छानबिन भइरहेको छ । कार्की नवराज कार्की २०८० फागुन २ मा मोरङ गएका थिए ।

चिमरिया सुनसरीस्थित दङ्गा नियन्त्रण गणमा कार्यरत थिए । राजन लिम्बुलाई मोरङ पठाउन नेपाल कांग्रेसका नेताहरू असहमत भएका छन् । लिम्बु नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली यसअघि प्रधानमन्त्री हुँदा उनको व्यक्तिगत सुरक्षा अधिकृत (पिएसओ) थिए ।





उनी ताप्लेजुङको इन्चार्ज हुँदा २०८० भदौमा कोशी प्रदेशका कांग्रेस सांसद खगेनसिंह हाङगामले उनलाई धम्की दिएका थिए । त्यसबेलादेखि नै उनीसँग कोशी प्रदेशको कांग्रेस नेतृत्व उनीसँग असन्तुष्ट रहेको प्रहरी अधिकारीहरू बताउँछन् । आइतबार काज सरुवा भएका चिमरिया प्रधानमन्त्री केपी शर्मा ओलीको गृहजिल्ला झापा स्थानीय हुन् । उनी पनि प्रहरी भित्र एमालेप्रति उदार अधिकृत मानिन्छन् ।

## काठमाडौं उपत्यकामा दशैंको अवधिभर ७५५ जना मापसे कारबाहीमा

काठमाडौं- दशैंको फूलपातीदेखि पूर्णिमासम्ममा ७५५ जना ट्राफिक प्रहरीको मापसे कारबाहीमा परेका छन् ।

उपत्यका प्रहरी कार्यालय, रानीपोखरीकी प्रमुख एआईजी किरण बज्रचार्यका अनुसार, यो अवधिमा ६६० जना सवारी चालक तीव्र गतिमा सवारी चलाएको आरोपमा कारबाहीमा पक्राउ परेका छन् ।

दशैंको अवधिमा १७७ जना लेन अनुशासन, ४५० जना रेड लाइटमा सवारी चलाउँदा कारबाहीमा परेका छन् ।

अनावश्यक हर्न बजाएको आरोपमा १८० जना, जथाभावी पार्किङ गरेको आरोपमा ५२३, बढी भाडा लिएको आरोपमा १३ जना कारबाहीमा परेका छन् ।

क्षमताभन्दा बढी यात्रु र मालसामान बोकेको आरोपमा ११६, आरक्षण सिटमा अरुलाई राख्दा १ जना, सीसी टीभी हेरेर ६७२, नम्बर प्लेट स्पष्ट नराख्दा १२ र अनलाइनमार्फत परेका उजुरीका आधारमा ६३ जना कारबाहीमा परेका छन् ।

उनीहरुलाई यातायात व्यवस्था ऐनअनुसार जरिवाना र सचेतना कक्षा ट्राफिक प्रहरीले लिनेछ ।

# रामेछाप डायरी

## बाढीले बगाएको खिम्ती-लामोसाँघु १३२ केभी प्रसारण लाइन पुनः सञ्चालनमा ल्याइने



बाढीले बगाएको खिम्ती-लामोसाँघु १३२ केभी प्रसारण लाइन पुनः सञ्चालनमा ल्याइने भएको छ ।


यही असोज १२ र १३ गतेको अविरल वर्षाका कारण तामाकोशी नदीमा आएको बाढीले बगाएको खिम्ती-लामोसाँघु १३२ केभी प्रसारण लाइनको टावरलाई आपत्कालीन पुनर्स्थापना प्रणाली प्रयोग गरि पुनः सञ्चालनमा ल्याउन लागिएको नेपाल विद्युत प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले खिम्ती-लामोसाँघु प्रसारण लाइन काठमाडौं उपत्यकामा विद्युत् आपूर्तिका लागि महत्वपूर्ण प्रसारण लाइन भएको बताउनुभयो ।

उहाँका अनुसार उक्त लाइनबाट आएको विद्युतलाई लामोसाँघु-भक्तपुर प्रसारण लाइन हुँदै काठमाडौं उपत्यकामा आपूर्ति गरिन्छ । अहिले इआरएसमार्फत लाइन चलाएर बाढीले बगाएको टावरको सट्टा अर्को स्थायी टावर निर्माण गरिने जानकारी दिनुभयो ।

प्राधिकरणले आफैंसँग रहेको इआरएस संरचनाको प्रयोग गरी खिम्ती-लामोसाँघु १३२ केभी प्रसारण लाइन सञ्चालनमा ल्याउन लागेको हो । यसका लागि इआरएस टावर जडान गरिसकिएको छ । इआरएस टावर राख्न लागेपछि स्थानीयले क्षतिपूर्तिको माग गर्दै काममा अवरोध गरेका थिए ।

## खुर्कोट पुलको निर्माण सकियो, मंगलबारदेखी गाडी चल्ने



रामेछाप र सिन्धुलीलाई जोड्ने खुर्कोटको पुलको निर्माण सकिएको छ । गत असोज ११ र १२ गते परेको अविरल वर्षाका कारण खुर्कोटको पुल सुनकोसी नदीले रामेछापपटीको भाग बगाएको थियो ।

शनिवार नै सेनाले पुलमा बेलिब्रिज जडानको काम सकेको हो । सेनाले बेलिब्रिजको बिचमा फलामको सल्याप हाल्ने काम सकेर पुलको भार क्षमता समेत परीक्षण गरिसकेको सिन्धुलीको गोलन्जोर गाउँपालिकाका प्रवक्ता एवं वडा नं ७ का वडा अध्यक्ष रेगनराज थापाले बताउनुभयो ।

रामेछापको मन्थली नगरपालिकाका प्रमुख लब श्रेष्ठले मंगलबार भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालको उपस्थितीमा नेपाल सरकार र नेपाली सेनालाई धन्यवाद व्यक्त गर्ने कार्यक्रम रहेको बताउनुभयो । उक्त कार्यक्रम पश्चात खुर्कोटको पुलबाट यातायात संचालन हुने उहाँले बताउनुभयो ।

रामेछापको लाइफ लाइनको रूपमा रहेको खुर्कोट पुल बगाएपछि सवारी साधन अरनिको राजमार्ग लगायत अन्य वैकल्पिक राजमार्ग प्रयोग गर्दै आएका थिए । खुर्कोटको पुल बगाए पश्चात् रामेछाप सहित ओखलढुङ्गा प्रवेश गर्ने यात्रुले समस्या भोग्नु परेका थियो । दोलखा मुँडे हुँदै मन्थलीसम्म १० देखी ११ घण्टाको समय लगाएर सवारी साधनहरु आवतजावत गरिरेहेका छन ।

बेलिब्रिज निर्माण सम्पन्न भएसँगै अब भने यो समस्या समाधान हुने भएको छ । ऊर्जा जलस्रोत तथा सिचाई राज्य मन्त्री पूर्ण बहादुर तामाङ (कान्छाराम) खुर्कोटमा बेलिब्रिज निर्माण गर्न आफै लागिपर्नु भएको थियो । उहाँ बेलिब्रिज छिटो सम्पन्न गर्न आफै निर्माण स्थलमा खटिनुभएको थियो । निकै मेहनत र संघर्षले बेलिब्रिज निर्माण भएको राज्य मन्त्री तामाङले बताउनुभयो । यति छिट्टै अथक मेहनत र प्रयासले बेलिब्रिज निर्माण भएर रामेछापबासीले सहज सुविधा पाउँदा आफुलाई निकै खुशी लागेको उहाँले बताउनुभयो ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ११, २०८१ साल कातिक ६ गते मंगलबार (Oct 22, 2024)

# प्रधानमन्त्री दैवी प्रकोप कोषमा आयल निगमले दियो तीन करोड सहयोग



काठमाडौं- नेपाल आयल निगमले प्रधानमन्त्री दैवी प्रकोप कोषमा तीन करोड रुपैयाँ सहयोग गरेको छ ।

निगम सञ्चालक समितिको निर्णय अनुसार उक्त रकम सहयोग गरेको हो । उद्योग वाणिज्य तथा तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसहितको टोलीले प्रधानमन्त्री केपी शर्मा ओलीलाई उक्त रकम हस्तान्तरण गरेको हो ।

निगमले व्यावसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत रकम हस्तान्तरण गरेको हो ।

# ग्लोबल आइएमई बैंक र प्राइम पावरबीच सम्झौता




काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेड र प्राइम पावर लिमिटेडबीच सौर्य विद्युत परियोजनामा कर्जा लगानी गर्नेसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

उक्त समझदारी पत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र प्राइम पावर लिमिटेडका अध्यक्ष आशीष गर्गले हस्ताक्षर गरेका छन् । समझदारी अनुसार प्राइम पावर लिमिटेडले ३० मेगावाट क्षमताको सौर्य विद्युत परियोजना कपिलवस्तु जिल्लामा निर्माण गरी सञ्चालन गर्ने छ ।

साथै उक्त अवसरमा प्राइम पावर लिमिटेडका अध्यक्ष गर्गले यस परियोजनाद्वारा उत्पादित विद्युत खरिदका साथै चनौटास्थित सबस्टेसनमार्फत राष्ट्रिय प्रशारण लाइनमा विद्युत जोड्नका निमित्त नेपाल विद्युत प्राधिकरणसँग कम्पनीको सम्झौता भइसकेको जानकारी गराए ।

यस परियोजनामा संलग्न लगानीकर्ता समुहद्वारा विभिन्न ५ सौर्य परियोजनाअन्तर्गत ५६ मेगावाट कूल जडित क्षमताको आयोजनाहरुमा समेत लगानी रहेको हुँदा यस समुह सौर्य उर्जा क्षेत्रमा नेपालकै अग्रणी समुह हो ।

नेपालमा सञ्चालित सौर्य परियोजनाहरु मध्य उक्त परियोजना सौर्य उर्जाअन्तर्गत विद्युत क्षेत्रको सबैभन्दा ठूलो क्षमताको परियोजना हो ।

बैंकले नविकरणीय र हरित उर्जा उत्पादन, प्रशारण तथा वितरणमा आफ्नो लगानी प्रवर्द्धन गर्ने उद्देश्य अनुरुप सौर्य तथा जलविद्युतमा सर्वसुलभ व्याजदरमा कर्जा लगानी गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २५५ शाखा रहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी ११ सयभन्दा बढी सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई सेवा प्रदान गर्दै आइरहेको छ ।

# स-चेक गरेको ४५ दिनमै वाइडबडीमा समस्या

काठमाडौं- नेपाल वायुसेवा निगमका दुई वटा जहाज ग्राउन्डेड भएका छन् । ४५ दिनअघि सि-चेक गरेर ल्याइएको निगमको ९एन-एएलवाई कल साइनको जहाज पनि ग्राउन्डेड भएको छ। बिहीबार यही जहाजको उडान स्थगित हुँदा शुक्रबार बिहान यात्रु पुऱ्याउन दोहा उडेको ९एन-एकेडब्लु कल साइनको जहाज पनि ग्राउन्डेड भएको एक कर्मचारीले बताए ।

काठमाडौँ-दोहाका २४८ र दोहा-काठमाडौँका २६८ यात्रु अलपत्र पर्ने भएपछि ९एन-एकेडब्लु कल साइनको जहाज दोहा पठाइएको थियो ।

जहाजको दुई नम्बरको इन्जिनमा समस्या आएका कारण ग्राउन्डेड गरिएको निगमका एक कर्मचारीले बताए ।

'जहाजको इन्जिनले अनावश्यक इन्धन खपत गरेपछि ग्राउन्डेड गरिएको हो । प्राविधिक भाषामा दुई नम्बरको इन्जिनमा समस्या आएको हो,' उनले भने, 'यसको पार्टपुर्जा आउनै समय लाग्ने भएकाले रिलिज हुने टुंगो छैन ।'




यसअघि जहाजको इन्जिनको ' इन्जिन जेनरेटर' फेर्दा २५ करोड रुपैयाँ खर्च भइसकेको छ । अहिलेको समस्यामा पनि आठ करोडसम्म खर्च हुने अनुमान ती कर्मचारीले सुनाए ।

'एउटा वाइड बडी ग्राउन्डेड अर्को इटलीमा हुँदा यहाँ अलपत्र १५८ यात्रुलाई न्यारोबडी जहाजमा आज बिहान दोहा पुऱ्याइएको थियो,' उनले भने, 'तर त्यो जहाजमा पनि प्राविधिक समस्या आयो । हिजो काठमाडौं आउन नसकेका यात्रुमध्ये १५१ यात्रु आज राती ल्याइपुऱ्याउने जानकारी आएको छ ।'

उनका अनुसार यो जहाजको राती काठमाडौं दिल्ली उडान तालिका रहेको छ । दोहाबाट आएको न्यारोबडी जहाजको पुनः चेकजाँच गरेपछि मात्र दिल्ली उडान गर्न दिइने तयारी रहेको उनले बताए ।

निगमको ९एन-एएलजेड कल साइनको जहाज सि-चेक पूरा भई १८ दिनअघि नै आइपुग्ने जनाइएको थियो । तर सि-चेक सम्पन्न हुने कुनै टुंगो छैन ।वाइड बडी ग्राउण्डेड भएपछि नारितासँगै दुबई, दोहा, दिल्ली, हङकङलगायतका गन्तव्यको उडान अस्तव्यस्त भएको छ ।

# ५७ अंकले घट्यो परिसूचक, २२१ कम्पनीको शेयर मूल्यमा गिरावट

काठमाडौं- सोमबार नेप्से परिसूचक उच्च अंकले घटेको छ । आज शेयर बजार ५७.९९ अंकले घटेर दुई हजार छ सय ४९ को विन्दुमा कायम भएको हो । आज २३ कम्पनीको शेयर मूल्य बढेको छ भने २२१ कम्पनीको शेयर मूल्य घटेको छ ।



योसँगै आज सबैभन्दा धेरै विन नेपाल लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य बढेको हो । यस कम्पनीको शेयर मूल्य ९ दशलमव ९८ प्रतिशतका दरले बढेको हो । साथै कर्पोरेट डेभलपमेन्ट बैंकको ९ दशलमव ८२ प्रतिशत र कालिका लघुवित्तको शेयर मूल्य ५ प्रतिशतले बढेको हो ।।

यस्तै, आज ३१९ कम्पनीको एक करोड ३८ लाख ६३ हजार चार सय ४३ कित्ता शेयर किनबेच हुँदा पाँच अर्ब ९० करोडमाथिको शेयर कारोबार भएको छ । जसमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्सको शेयर कारोबार भएको छ । आज यस कम्पनकिो २२ करोड ३ लाख रुपैयाँको शेयर कारोबार भएको छ। साथै ङादी ग्रुप पावरको १७ करोड ७६ लाख र कुमारी बैंकको १७ करोड ६८ लाख रुपैयाँको शेयर कारोबार भएको छ ।

# ज्योति विकास बैंकका ग्राहकहरुलाई १ वर्षसम्म पोखरास्थित कुटी रिसोर्टमा २० प्रतिशत सम्मको छुट

काठमाडौं- ज्योति विकास बैंक लिमिटेडले पोखराको लेकसाइडमा अवस्थित कुटी रिसोर्टमा ग्राहकहरूलाई विभिन्न सेवा तथा सुविधामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता गरेको छ । यस सम्झौताअन्तर्गत, बैंकका ग्राहकहरूले उक्त रिसोर्टमा खानामा २० प्रतिशत पेय पदार्थमा १० प्रतिशत, र रुम चार्जमा १५ प्रतिशत सम्मको आकर्षक छुटको फाइदा लिन सक्नेछन् ।

सम्झौतापत्रमा हस्ताक्षर भएसँगै, नेपालको प्रमुख पर्यटकीय स्थल फेवातालको नजिक रहेको उक्त रिसोर्टमा ग्राहकहरूले एक वर्षको अवधिसम्म सो छुटको लाभ उठाउन पाउनेछन् । कुटी रिसोर्ट सम्पूर्ण आधुनिक सुविधासहितको प्रख्यात थ्री(स्टार स्तरको रिसोर्ट हो ।

ज्योति विकास बैंकले ग्राहकहरूको सुविधालाई प्राथमिकतामा राख्दै, देशका अन्य विभिन्न व्यवसायहरूसँग निरन्तर सहकार्य गर्दै, ग्राहकहरूलाई विशेष छुट र सुविधा प्रदान गर्दै आइरहेको छ ।

संस्थागत सुशासनलाई शिरोपर गर्दै, समाजप्रति उत्तरदायी यस विकास बैंकले नवीनतम चिन्तनका साथ समाजको अभ्युदय र दिगो परिवर्तनको संवाहक बन्दै समस्त नागरिकको जीवन जाज्वल्यमान बनाउने उद्देश्यलाई सदैव उच्च प्राथमिकतामा राख्ने कार्यलाई निरन्तरता प्रदान गर्ने र आगामी दिनहरू पनि परिवर्तनको ज्योति बन्ने अठोट प्रति प्रतिबद्ध रहेको छ ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति थप उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ ।

स्वास्थ्यप्रद जनशक्ति नै राष्ट्र निर्माणको मेरुदण्ड हो भन्ने दृढ मान्यतालाई शिरोधार्य गर्दै, यस विकास बैंकले नवजात शिशुको अकाल मृत्यु रोकथाम र जीवन रक्षा गर्न चालेको स्पष्ट पहलकदमी तथा योगदानले नेपाली शिशुहरुको अमूल्य जीवन रक्षा गर्न सफल भएको छ । यस्ता जिवन रक्षण गर्ने अतिप्रमुख क्षेत्रमा नेपालमा रहेका बैंक तथा वित्तीय संस्थाहरू मध्ये ज्योति विकास बैंकले अग्रस्थानमा रही काम गर्दै समाजमा एक सकारात्मक




परिवर्तनको बीजारोपण गरेको छ ।

ज्योति विकास बैंकले उपत्यका र उपत्यकाबाहिर गरी हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आइरहेको छ ।

# उड्डयन क्षेत्रलाई विश्वसनीय बनाउन सरकारले बनायो सुझाव समिति



काठमाडौं- सरकारले नागरिक उड्डयन क्षेत्रको समष्टिगत अध्ययन गर्न भन्दै उच्चस्तरीय समिति गठन गरेको छ ।

मन्त्रिपरिषद्को कात्तिक २ गते बसेको बैठकले पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रस्तावमा सर्वोच्च अदालका पूर्वन्यायाधीश अनिल कुमार सिन्हाको अध्यक्षतामा समिति गठन गरेको हो ।

सुरक्षित, भरपर्दो र विश्वसनीय नागरिक उड्डयन प्रणाली विकास गर्न उच्चस्तरीय अध्ययन तथा सुझाव समिति गठन गरेको सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले जानकारी दिए ।

समितिमा हवाई व्यवस्थापन विज्ञ राजेन्द्र बहादुर सिंह, हवाई सुरक्षा विज्ञ भेषराज सुवेदी, हवाई सेवा सञ्चालन तथा गुणस्तर व्यवस्थापन विज्ञ क्याप्टेन रिवाज प्रसाद प्रधान सदस्य छन् । पर्यटन मन्त्रालय सहसचिव समितिको सदस्यसचिव तोकिएका छन् ।

मन्त्रिपरिषद् बैठकले पर्यटन मन्त्रालय र मातहतका निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिएको छ

# उपत्यकाभित्रको अनुमति अब टीआइएबाटै

काठमाडौं- नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले हेलिकोप्टर उडानमा लगाइएको सबै प्रतिबन्ध हटाएको छ । क्यानले माउन्टेन, पुष्पवृष्टि र सिलिङ फ्लाइटमा लगाइएको प्रतिबन्ध बिहिबार हटाएको हो ।

क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलले मनसुनमा



लगाइएको प्रतिबन्ध वर्षायाम सकिएकाले हटाएको बताए । 'विगतका वर्षमा जुन १३ देखि अक्टोबर २ सम्म मनसुन कायम रहने गरेको थियो । यो वर्ष जुन १० बाट सुरु भएर अक्टोबर १२ सम्म कायम रहयो । मौसम पूर्वानुमान महाशाखाले मनसुन सकिएको घोषणा गरेपछि हामीले प्रतिबन्ध हटाएका हौं,' उनले भने ।

काठमाडौंभित्र हेलिकोप्टर उडानको अनुमति अब त्रिभुवन विमानस्थलले दिने भएको छ । यसअघि क्यानले दिने गरेको थियो ।

'त्रिभुवन विमानस्थलबाट र नलिन्चोक हेलिप्याडबाट हुने हेलिकोप्टरको उडान अनुमति अब त्रिभुवन विमानस्थलबाटै लिन सकिन्छ,' उनले भने, 'तर उपत्यका बाहिर हुने उडान, परीक्षण उडान र विशेष उडानको अनुमति भने क्यानबाट नै लिनुपर्नेछ ।'

# एनएसीले दुई कोषलाई किस्ताबापत बुझायो ५३ करोड ९ लाख

काठमाडौं- नेपाल वायुसेवा निगम (एनएसी)ले जहाज किन्दा लिएको ऋणको किस्ताबापत ५३ करोड ९ लाख ५५ हजार रुपैयाँ बुझाएको छ ।

एनएसीले दुईवटा न्यारोबडी र दुईवटा वाइडबडी जहाज किन्दा लिएको ऋणको किस्ताबापत कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषलाई बुधबार ५३ करोड ९ लाख ५५ हजार रुपैयाँ बुझाएको हो ।

न्यारोबडी जहाजको पूरा र वाइडबडी जहाजको आंशिक किस्ता बुझाएको एनएसीले जनाएको छ । एनएसीले सम्झौता अनुसार किस्ता रकम बुझाउन नसक्दा ३४ अर्ब ऋण बढेर ५० अर्ब रुपैयाँ नाघिसकेको छ ।

चालु आर्थिक वर्ष एनएसीको व्यापार नराम्ररी प्रभावित भएको छ । एउटा वाइडबडी जहाज सि-चेकका क्रममा



डेढ महिनादेखि इटलीमा छ । यो जहाज पठाउनुअघि अर्को वाइडबडी जहाज पनि सि-चेकका लागि २ महिना इटलीमा राखिएको थियो ।

# दैलेखको आठबिस नगरमा महिनावारी सम्बन्धी जनचेतना र प्याड वितरण कार्यक्रम सम्पन्न

**बिनोद नेपाली**

काठमाडौं- दैलेखको आठबिस नगरमा महिनावारी सम्बन्धी जनचेतना र प्याड वितरण कार्यक्रम सम्पन्न भएको छ।

उक्त कार्यक्रममा स्थानीय महिलाहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

उक्त कार्यक्रमलाइ नगरपालिकाकी उप मेयर दीपा बोहोराले हौसला प्रदान गरेकी थिइन।

कार्यक्रममा सहभागी स्थानीय महिलाहरूले महिनावारीका बेला भोग्नुपर्ने चुनौतीहरू र गलत धारणाहरूको बारेमा छलफल गरेका थिए। महिनावारीलाई लुकाउनुपर्ने वा नकारात्मक रूपमा हेर्ने परम्परागत सोचाइलाई तोड्नका लागि यो कार्यक्रमले महत्वपूर्ण भूमिका खेलेको छ।

महिलाहरूलाई महिनावारीका क्रममा अपनाउनुपर्ने सरसफाइका मापदण्डहरू, स्वास्थ्य सावधानीहरू, र प्याडको सही प्रयोगको विषयमा व्यापक जानकारी दिइएको थियो।

कार्यक्रमको महत्वपूर्ण अंश भनेको स्थानीय महिलाहरूलाई निःशुल्क रुपमा प्याड वितरण गर्नु थियो। प्याड वितरण अभियानले महिलाहरूलाई महिनावारीका बेला प्रयोग गर्न सुरक्षित र आरामदायी उपाय प्रदान गरेको छ। प्याडको प्रयोगबारे विस्तृत जानकारी दिइएपछि सहभागी महिलाहरूले यसको महत्त्व बुझ्दै स्वास्थ्य र सरसफाइ प्रति सजग हुने आशा गरिएको छ।



यसले विशेषगरी ग्रामीण क्षेत्रमा महिनावारी सम्बन्धी स्वास्थ्य समस्याहरू न्यूनीकरण गर्न सहयोग पुऱ्याउनेछ।

कार्यक्रममा सहभागी भएका महिलाहरूले यस्ता सचेतनामूलक कार्यक्रमले महिनावारीका बारेमा भएका पुराना सामाजिक कुरीतिहरू हटाउन सहयोग पुऱ्याउने बताएका छन्। उनीहरूले भने, "महिनावारीलाई लाजको विषय होइन, बरु यो प्राकृतिक प्रक्रिया हो। यस्ता कार्यक्रमले महिलाहरूमा आत्मविश्वास बढाउनुका साथै महिनावारीको विषयमा खुलेर छलफल गर्ने वातावरण पनि निर्माण गर्छ।"

कार्यक्रममा सहभागी अन्य महिलाहरूले पनि यस्ता जनचेतनात्मक कार्यक्रमलाई निरन्तरता दिनुपर्ने बताए। उनीहरूको भनाइमा, "महिनावारी जस्तो संवेदनशील विषयमा खुलेर कुरा गर्न र स्वास्थ्य सचेतना फैलाउन यस्ता कार्यक्रमहरू समय-समयमा हुनुपर्छ। यो केवल एक सुरुवात हो, आगामी दिनहरूमा यस्ता प्रयासलाई अझै व्यापक रूपमा सञ्चालन गर्नु आवश्यक छ।"

कार्यक्रमले विशेषगरी ग्रामीण क्षेत्रका महिलाहरूमा सकारात्मक प्रभाव पारेको छ। विद्यार्थीहरूको यस अभियानले महिनावारीका बारेमा फैलिएको गलत धारणाहरू हटाउन महत्वपूर्ण भूमिका खेलेको छ भने उनीहरूको सचेतना अभिवृद्धि गरेका छन।

# पोखरामा रास्वपाको प्रदर्शन



काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टीले सभापति रवि लामिछाने पक्राउको विरोधमा सोमबार तेस्रो दिन पनि पोखरामा विरोध प्रदर्शन गरेको छ। अपरान्ह १२ बजेदेखि पृथ्वीचोकमा रास्वपाका नेता भेला भएका छन्।

शनिबार चिप्लेढुङ्गामा विरोध सभा गरेको रास्वपाले आइतबार शहीदचोकमा कार्यकर्ता उतारेको थियो। सोमबार प्रदर्शनस्थल परिवर्तन गरेर पृथ्वीचोकमा सारिएको हो। विरोध प्रदर्शन शान्तिपूर्ण हुने रास्वपाका नेताहरुले जानकारी गराएका छन्।

तेस्रोदिन विरोध प्रदर्शनमा भेला भएका नेता कार्यकर्ताले देशभक्तिपूर्ण गीत बजाउँदै नाचगान गरिररहेका छन्। कार्यकर्ताले वर्तमान सरकारविरुद्ध नाराबाजी गरिरहेका छन्। 'सरकार तिम्रो पाराले, दुःख पाए साराले', सहकारी पीडितलाई न्याय दे, सरकारले न्यायमाथि गऱ्यो घात, पोखरेली जनताले दिन्छन् साथ' लगायतका नारा लगायतका छन्।

अदालतले रास्वपा सभापति रवि लामिछानेलाई बुधबारसम्म थुनामा राखेर अनुसन्धान गर्न आदेश दिएको छ। बुधबारसम्म नियमित विरोध प्रदर्शन जारी राख्ने नीति विभागका सचिव कमल सुवेदीले जानकारी गराए।

सुवेदीका अनुसार पार्टी नेताहरु बुधबारसम्म पोखरामा रहने छन्। बुधबार अदालतको आदेशपछि मात्रै पार्टीले थप धारणा बनाउने उनले बताए। सुवेदीले अनलाइनखबरसँग भने, 'अहिले विरोध पोखरा केन्द्रीत छ। त्यो बेलासम्म नेताहरु पोखरामा रहनुहुन्छ।'

शुक्रबार प्रहरीले सभापति लामिछाने पक्राउ गरेपछि सिंगो पार्टी पोखरामा केन्द्रीत भएको छ। अधिकांश नेताहरु पोखरा पुगेका छन्। पूर्वघोषित कार्यक्रमहरु रोकिएको छ। १ कात्तिकबाट सुरु गरिएको जिल्ला भेला/सम्मेलन पनि स्थगित गरिएको छ।

# मिगौंला तस्करी आरोपित ५ जना पुर्पक्षका लागि थुनामा

काठमाडौं- मिगौंला तस्करीका दुईवटा घटनामा पक्राउ परेका ६ जनामध्ये पाँच जना पुर्पक्षका लागि कारागार चलान भएका छन्।

मिगौंला तस्करीका दुई वटा फरक मुद्दामा प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोको टोलीले ६ जनालाई पक्राउ गरेको थियो। जसमा काभ्रेका एक व्यक्तिको मिगौंला तस्करी घटनामा प्रतिवादी बनाइएका काभ्रेकै कृष्ण विक र ललितपुरका शंकर खत्री यसअघि नै पुर्पक्षका लागि कागार चलान भएका थिए।

चन्द्रागिरीका अर्का युवकको मिगौंला तस्करीमा खत्रीसहित बालाजुमा खाजा पसल चलाउने मकवानपुरकी शान्तिमाया घलान, काठमाडौं चन्द्रागिरीका नारायण भनिने नारन परियार, धनुषाका अमन साह, धादिङका कृष्ण श्रेष्ठ, सिन्धुपाल्चोकका राजकुमार नेपाली भनिने राजकुमार बिसुन्के, धनुषाका विमलप्रसाद साह र धनुषाकै मुकेशकुमार साहविरुद्ध मुद्दा दायर भएको थियो। उनीहरुमध्ये राजकुमार, विमलप्रसाद र मुकेशकुमार फरार थिए।



दोस्रो मुद्दामा पनि प्रतिवादी रहेका शंकर खत्रीलाई सोमबार जिल्ला अदालत काठमाडौंका न्यायाधीश गायत्रीप्रसाद रेग्मीको इजलासले १ लाख धरौटी र शान्तिमायासँग ५० हजार रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको छ। बाँकी तीन जनालाई पुर्पक्षका लागि कारागार चलानको आदेश आएको छ।

खत्रीलाई दोस्रो मुद्दामा १ लाख धरौटीमा छाड्न आदेश दिए पनि उनी पहिलो मुद्दामा पुर्पक्षका लागि कारागार चलान भइसकेका छन्। त्यस्तै पहिलो मुद्दाका कृष्ण विक, नारन परियार, अमन साह र कृष्ण श्रेष्ठ गरी पाँच जनालाई केन्द्रीय कारागार सुन्धारा पठाइएको ब्यूरोका एसपी तथा प्रवक्ता गौतम मिश्रले बताए। शान्तिमाया भने धरौटी तिर्ने प्रक्रियामा रहेको उनले बताए।

यो समूहले चन्द्रागिरी र काभ्रेका एक-एक जनालाई कोलकाताको अम्री अस्पताल पुऱ्याएर मिगौंला तस्करी गरेको आरोप छ। अहिले पक्राउ परेका मध्ये नारन परियार, कृष्ण श्रेष्ठ, कृष्ण विकले यसअघि आफ्नै मिगौंला समेत बेचेको खुलेको प्रहरीले जनाएको छ।

आफ्नो मिगौंला बेचिसकेपछि अन्य व्यक्तिलाई पनि मिगौंला बेच्दा केही फरक नपर्ने भन्दै कन्भिन्स गराएर कोलकातासम्म पुऱ्याई मिगौंला तस्करी गरेको आरोप यो समूहमाथि छ। त्यसका लागि उनीहरुले कोलकातामै फ्ल्याट समेत भाडामा लिएको प्रहरी अनुसन्धानबाट खुलेको थियो।

## खेलकुद

# कमलले मिक्स मार्सल आर्टमा खेल्ने



काठमाडौं – नेपाली खेलाडी कमल मगर अन्तर्राष्ट्रिय ब्याटल अफ डेटोनामा भाग लिन सोमबार अमेरिकाको फ्लोरिडा जाने भएका छन्।

नोभेम्बर २६ देखि २७ तारिखसम्म हुने मिक्स मार्सल आर्ट प्रतियोगितामा कमलले २ स्पर्धामा भाग लिनेछन्।

वर्ल्ड मार्सल कमिटी (डब्लूएमएसी), यूएसएको आयोजनामा हुने प्रतियोगितामा कमलले सर्ट वेप्पन र चाइनिज क्रिएटिभ फम्समा प्रतिस्पर्धा गर्नेछन्। आफ्नो खेल करियरमा कमलले ६ स्वर्ण, ३ रजत र ४ कांस्य जितेका छन्।

कमलले थाइल्यान्डमा सन् २०१८ मा भएको विश्व च्याम्पियनसिपमा १-१ स्वर्ण र रजत, सन् २०१८ मा इंग्ल्यान्डमा भएको उमा विश्व च्याम्पियनसिपमा १ स्वर्ण र १ कांस्य तथा क्रोएसियामा सन् २०१९ मा भएको वर्ल्ड मार्सल आर्ट्स गेम्समा २ स्वर्ण जितेका थिए।

कमलले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा निर्णायकको भूमिका पनि निर्वाह गरेका छन्। कमललाई नेपाल उमा कुङफु संघका पदाधिकारी सन्जितकुमार राई, भूपेन्द्र गुरुङ र रमेश महर्जनलगायले बिदाइ गरे।

सोही प्रतियोगितामा नेपाल उमा कुङफु संघका अध्यक्ष एवं अन्तर र्राष्ट्रिय निर्णायक सिद्धार्थ लामा तामाङले निर्णायकको भूमिका निर्वाह गर्नेछन्। नेपालका अनुप थापाले किक बक्सिङको लाइटवेट स्पर्धामा खेल्नेछन्। सिद्धार्थ र अनुप दुवै न्युयोर्कमा छन्। उतैबाट प्रतियोगिता सहभागी हुनेछन्।

# चितवन विजयी, कृष्णको चार गोल




काठमाडौं – मध्यपुर युथ एसोसियसनको खेल मैदानमा भइरहेको दोस्रो भेट्रान्स फुटबल प्रतियोगितामा सोमबार चितवन भेट्रान्स टिमले हिमालयन शेर्पा भेट्रान्सलाई पेनाल्टी सुटआउटमा ५-४ ले पराजित गरेको छ।

निर्धारित समय गोलरहित सकिएपछि खेल टाइब्रेकरमा पुगेको थियो। चितवनका गोलकिपर शंकर महर्जन प्लेयर अफ म्याच भए। उनलाई एन्फाका पूर्व अध्यक्ष कर्माछिरिङ शेर्पाले ट्रफी प्रदान गरे।

दोस्रो खेलमा बानेश्वर फ्रेन्डसिपले महावीर क्लबलाई ४-० ले हरायो। फ्रेन्ड्ससिपका हरिहर थापाले ह्याटिक र दीपेन्द्र चौधरीले गोल गरे। हरिहर प्लेयर अफ द म्याच भए। उनलाई राष्ट्रिय फुटसल टिमका पूर्वप्रमुख प्रशिक्षक गौरब बस्नेतले ट्रफी प्रदान गरे।

कृष्ण शाक्यको चार गोलमा फ्रिडम फाइटरले संयुक्त अनुभवी क्लबलाई ६-१ ले हरायो। दीपक लामा र कृष्ण मालाकारले १-१ गोल गरे। अनुभवीका रुद्रबहादुर खड्काले एक गोल गरे। प्लेयर अफ द म्याच फ्रिडमका कृष्ण शाक्यलाई पी सुजका निर्देशक सागरमणि कोइरालाले पुरस्कृत गरे।

# राइनो कप : रूपन्देहीविरुद्ध नमूना क्लबलाई जित

नवलपरासी- कोल्हुवामा जारी राइनो कप फुटबल प्रतियोगिताअन्तर्गत सोमबारको खेलमा नमूना युवा क्लब कावासोतीले फर्साटीकट रुपन्देहीलाई पराजित गरेको छ। उसले टाइब्रेकरमा ५-३ गोलले पराजित गर्दै जित हासिल गरेको हो।

खेलको पहिलो हाफमा दुवै टिमबाट गोल हुन सकेन। दोश्रो हाफको १५ औं मिनटमा रुपन्देहीका शिव सुवेदीले गोल गरे। २५ औं मिनेटमा कावासोतीका लागि विदेश खेलाडी रिचार्ड वल्सनले जवाफी गोल फर्काए। खेल बराबरीमा टुंगिएपछि टाइब्रेकरमा कावासोतीले ५-३ अन्तरको जित निकालेको हो।

प्रतियोगिता अन्तर्गत मंगलबार नमोः बुद्ध युवा क्लब सप्तरी र चित्लाङ एफसी काठमाडौंबीच प्रतिस्पर्धा हुनेछ। काठमाण्डौ बिच प्रतिस्पर्धा हुने छ।

प्रतियोगितामा विजेताले ८ लाख रुपैयाँ र उपविजेताले ४ लाख रुपैयाँसहित सिल्ड र प्रमाणपत्र प्राप्त गर्नेछन्।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ११, २०८१ साल कातिक ६ गते मंगलबार (Oct 22, 2024)

# तेस्रो राष्ट्रिय एक्टिभ म्युजिक अवार्ड २०८१ भव्यताको साथ सम्पन्न



काठमाडौं- तेस्रो राष्ट्रिय एक्टिभ म्युजिक अवार्ड २०८१ को फाईनल कार्यक्रम एक्टिभ म्युजिक प्रा.लि.का प्रवन्ध निर्देशक बिजेन्द्र नौबागेको शभापतित्वमा प्रतिनिधिसभा नेपालकी उपसभामुख ईन्दिरा रानामगरको प्रमुख आतिथ्यता तथा नेपाल सरकारका पुर्व संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्य मन्त्री परशुराम वाईबा तामाङको बिशेष आतिथ्यतामा सम्पन्न भएको छ।

जमलस्थित सांस्कृतिक संस्थान राष्ट्रिय नाचघरमा सम्पन्न कार्यक्रम संचालन लोक गायीका रासी रिजालले गर्नु भएको थियो । कार्यक्रममा सुप्रिम बोर्डिङ स्कुल सामाखुसीका प्रिन्सिपल ओमकार लम्साल, युवा व्यवसायी साथै समाजसेवी घनस्याम भट्टराई,चलचित्र निर्देशक अमर वली, गायक रुपक डोटेल, सुटमाला सटिङ् एण्ड सुटिङ् सेन्टरका प्रोपाईटर राज कार्की, वरिष्ठ लोक तथा दोहोरी गायक तथा सर्जक कृष्ण स्वर्णकार लगायत समाजका लब्ध प्रतिष्ठित व्यक्ति तथा समाजसेवी एवं ब्यवसायी र संगीत क्षेत्रमा योगदान पुर्याएका ब्यक्तिहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रलाई प्रायोजकको रुपमा बिरुवा गाउँपालिका स्याङ्जा, बिरुवा गाउँपालिका वडा नं.६ स्याङजा, हरिनास गाउँपालिका स्याङजा, गरिमा बिकास बैंक लिमिडेड, मुक्तिनाथ बिकास बैक लिमिटेड, भट्ट रियल स्टेट एण्ड हाउजिङ प्रा.लि., डिजिटल काठमाडौं, सुप्रिम बोर्डिङ स्कुल सामाखुसी, मुस्कान ओभरसिज सामाखुसी, सोदिप ट्राभल्स एण्ड टुर्स गोंगबु, वेलकम ईन्टरनेशनल समाखुसी, सुटमाला बागबजार, काठमाडौं सोफा सेन्टरले सहयोग गरेको थियो भने मिडिया पार्टनरको रुपमा सारखबर डटकम, मिलाप न्युज, रंग दर्पण, जनआकाश साप्ताहिक तथा नेपाली मिडिया अनलाईन टिभि रहेको थियो ।

कार्यक्रमको प्रशासनिक सपोर्टको कार्य सोसलमिडिया एण्ड लिगल सर्भिसले गरेको थियो । कार्यक्रममा शुभकामना मन्तब्य राख्दै बिशेष अतिथि पुर्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री परशुराम वाईबा तामाङले पछिल्लो समय कलाकारीतालाई प्रोत्साहनहुने खालका रोयल्टी लगायतका केहि सुधारका पक्षमा कार्य भएपनि अझ अपुग भएकोमा आफु चिन्तित भएको बताउनु भयो ।

यो क्षेत्रमा लागेका बरिष्ठ ब्यक्तित्वहरु समेत औषधि उपचार गर्न नसकेर अकालमा ज्यान जोगाउनु परेको भन्दै कमसेकम राज्यले कलाकाहरुको स्वास्थ्य बिमा गरिदिन सके धेरै राहत पुग्ने उहाँले बताउनु भयो । कलाकारीतासंग सम्बन्धित रहेर खुलेका संघ-संस्थाहरुले पनि अक्षय कोष र भलाई कोष मार्फत यो क्षेत्रमा योगदान पुर्याएका ब्यत्तिहरुको संरक्षण गर्नु पर्नेमा तामाङले जोड दिनु भएको थियो ।

एक्टिभ म्युजिक प्रा.लि.का प्रबन्ध निर्देशक तथा कार्यक्रमका शभापति बिजेन्द्र नौबागेले यो कार्यक्रम कम्पनि या आफ्नो लागि भन्दापनि समग्र गीत संगीत क्षेत्रलाई माथि उठाउन र यो क्षेत्रमा लागेका सर्जक, गायक, गायीका, एरेन्जर, मोडल लगायतलाई प्रोत्साहन गर्न आयोजना गरिएको बताउनु भयो ।

कार्यक्रम मार्फत सर्जक सष्टाका प्रतिभाहरुलाई प्रचार प्रसार गराएर आम दर्शक श्रोता सम्म पुर्याउन यो कार्यक्रले निकै महत्वपुर्ण भुमिका निर्वाह गरेको उहाँको भनाई रहेको थियो । कार्यक्रमको अवसरमा एक्टिभ संगीत सम्मान तथा गायक सम्मान २०८१ गायक शिव परियार, जज सम्मान २०८१बाट रमेस परियार गितकार, मनोज परियार ध्वनी मिश्रण, होम गैरे गायक र निर्देशक, उमेश गुरुङ म्युजिक भिडियो निर्देशक, दशकौ कला सम्मान २०८१ हास्य कलाकार तथा जादुगर राजेन्द्र गिरी (गुन्द्रुक साँधेर), कला सम्मान २०८१ दिलिप ढकाल, धिराज क्षेत्री मोडल र कलाकार, राशी रिजाल लोक तथा दोहोरी गायिका, शेर बहादुर रावल मेकअफ आर्टिस, एक्टिभ सम्मान २०८१ देव क्षेत्री, समाजसेवी, लिला खनाल समाजसेवी, दुर्गा प्रसाद ढकाल युवा व्यवसायि तथा समाजसेवी, डिवी पराजुली मिडिया र समाजसेवी, इनिश बुढाथोकी भिडियो सम्पादक (जन आकास मिडिया), सुदिप ज्ञवाली संञ्चारकर्मी लाई सम्मान पत्रबाट सम्मानि गरिएको थियो ।

कार्यक्रममा २४ बिधामा रहेका उत्कृट पात्र घोषणा गर्दै प्रमुख अतिथि तथा बिशिष्ठ अतिथिहरुको हातबाट प्रमाणपत्र तथा अवार्ड(ट्रफी) वितरण गरिएको थियो ।

सर्वोत्कृष्ट राष्ट्रिय भाव गीत बाट मोहन काकी, सर्वोत्कृष्ट आधुनिक गीत गायक बाट गोविन्द मधुर आचाय, सर्वोत्कृष्ट आधुनिक गीत गायीकामा सदिक्षा कट्टेल, सर्वोत्कृष्ट लोक तथा दोहोरी गीत गायक यज्ञ सापकोटा, सर्वोत्कृष्ट लोक तथा दोहोरी गीत गायीका बाट सुनिता बुढा क्षेत्री, सर्वोत्कृष्ट आधुनिक गीत नव गायक विधाबाट ईवेस तिरुवा, सर्वोत्कृष्ट लोक तथा दोहोरी गीत नव गायक बाट अभिषेक लम्साल, सर्वोत्कृष्ट आधुनिक गीत संगीतकारको विधा बाट सुर्यस् गैरे रहेका थिए भने सर्वोत्कृष्ट आधुनिक गितकार विधा बाट आरती परियार, दुर्गा थापा रहेका छन् ।

यसैगरी सर्वोत्कृष्ट लोक आधुनिक गायकमा मनिष श्रेष्ठ, सर्वोत्कृष्ट लोक आधुनिक पप गायकबाट सुरेस राना, सर्वोत्कृष्ट मौलीक संस्कृती गीत दिनेस डाँगी, सर्वोत्कृष्ट तामाङ सेलो गितबाट सुर्य माम्वा, मरिचमान तामाङ (एमआरसी) सर्वोत्कृष्ट लोक तथा दोहोरी शब्द संकलक

सामना शाह, सर्वोत्कृष्ट लोक तथा दोहोरी लय संकलनबाट दिपक भट्ट सर्वोत्कृष्ट आधुनिक गित भिडियो निर्देशकबाट दिपेन्द्र तिमल्सिना रहेका छन् भने सर्वोत्कृष्ट संगित संयोजक (एरेन्जर)विधाबाट सुनिल परियाले प्रमाणपत्र तथा अवार्ड(ट्रफी) लिएका छन् ।

उक्त कार्यक्रममा सर्वोत्कृष्ट श्रृङ्गारविधा बाट मिना श्रेष्ठ, सर्वोत्कृष्ट छायाङ्कार बाट केशब अधिकारी, सर्वोत्कृष्ट बाल गायीका बाट मञ्जली तामाङ्, सर्वोत्कृष्ट बाल कलाकार बाट आरिया साही ठकुरी रहेका छन् भने सर्वोत्कृष्ट आधुनिक गीत भिडियो मोडलमा शिबन पोखेल, सदिक्षा पाण्डे रहेका छन्

सर्वोत्कृष्ट लोक तथा दोहोरी गित भिडियो मोडल दिपेस एस.के., जुना गुरुङ रहेका छन् भने सर्वोत्कृष्ट लोक तथा दोहोरी गित भिडियो नव मोडलमा राज गजमेर, तुल्सी गरुङ्ग रहेका छन् ।

# डिआईजी राणा एआईजीमा बढुवा सिफारिस



काठमाडौं: प्रहरी नायब महानिरीक्षक (डिआइजी) किरण राणा प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) पदमा बढुवाका लागि सिफारिस भएकी छिन् ।

गृह मन्त्रालय बढुवा समितिको आज बसेको बैठकले जनपद प्रहरी समूहतर्फ रिक्त रहेको अतिरिक्त महानिरीक्षक पदमा राणालाई बढुवाका लागि सिफारिस गरेको हो ।

राणालाई प्रहरी नियमावली, २०७१ (संशोधनसहित) को नियम २७ को उपनियम ४ अनुसार बढुवाका लागि सिफारिस गरिएको बढुवा समितिका सदस्य सचिव एवम् प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले जानकारी दिए । बढुवा सिफारिस भएकी राणा हाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो लाजिम्पाटमा कार्यरत छिन् ।

पृष्ठ १ बाट जारी

## बिपी राजमार्ग...

सस्था, मानवीयता भएका मानिसहरु सवै मिलेर देशको महत्वपूर्ण तर क्षत विक्षत भएको बिपी राजमार्ग निर्माणमा केन्द्रीत हुनुपर्ने हो । तर त्यस्तो नभई कुराकानी एकातिर कुम्लो बोकी ठिमीतिर भने जस्तै एक खालका राजनीतिक पार्टीहरु सडकमा आन्दोलन गर्न लागेको देखिन्छ ।

यो तमासा हेर्दा नेपालमा अव छाडातन्त्र हावी भएकै हो भन्न सक्ने अवस्था आएको छ । कुनै व्यक्तिले गलत गरयो भनेर कारवाहीको दायरामा ल्याउदा सडकमा आन्दोलनमा उत्रने जमात त्यसलाई नियन्त्रण गर्न नसक्ने सरकारको रवैया हेर्दा नेपालको अस्तित्व सक्नका लागि कतै अन्तैवाट कुनै सिकिमिकरण मोडलमा नेपालको स्वाभिमानमा खेलबाड त भईराखेको छैन ? भन्ने खालका प्रश्नहरु उठ्न थालेका छन् ।

जापान सरकारले प्राविधिक सहयोगमा बनाईदिएको बिपी राजमार्ग तहस नहस हुदा बेवास्ता गर्दा भोलीका दिनमा यसैगरी अन्य राजमार्गहरु पनि भत्कदै जाने निर्माणका कामहरु कछुवा गतिमा मात्र हुने तर यता देश र जनताको रटान लगाउने पार्टीहरु चै सरकार जोगाउन र पार्टीको झण्डाको मुनि बसेर अपराध लुकाउनमा नै ब्यस्त हुने जस्ता कुराले नेपाल ढुङगे युगमा फर्कन त लागेको होइन भन्ने भान नेपाली नागरिकहरुमा पर्न गएको छ ।

नेपालमा सरकार छ । जनताको विश्वास लिन दिन सरकार सक्षम छ । जनताको हरेक क्षेत्रमा आएका समस्यालाई समन्वयकारी भुमिका निर्वाह गरी राज्यको संयन्त्रलाई पुर्ण परिचालन गरी देश र जनताको काममा केन्द्रीत हुन जनताले सरकारलाई सुझाव समेत दिएका छन् । तिनै जनताको सुझावलाई शिरोपर गरेर

सरकारले बिपी राजमार्गलाईं केन्द्रीत भएर काम गरिहाल्नुपर्ने देखिन्छ । किनकी हिउदमा त जसो तसो नेपालको बिपी राजमार्ग सवारी साधन चल्न सक्लान तर बर्ष लागेपछि काहावाट सवारी साधन आवात जावत गर्ने भन्ने विषयमा अग्रीम तयारी गर्नुपर्ने देखिन्छ । सम्बन्धित निकायलको बेलैमा ध्यान पुगोस् ।

राजनीतिक पार्टी खोलेर जनता र देशको नाम जप्न सिपालु तर आफ्नो स्वार्थ पुर्ति मात्रै गर्दै आएका राजनीतिक पार्टीले पनि नैतिकता जोगाउन भएपनि बिपी राजमार्गमा केन्द्रीत हुनुपर्ने देखिन्छ । त्यहा केन्द्रीत हुन नसक्ने राजनीतिक पार्टीलाईं भोलिका दिनमा जनताले त्यही बाढीले थुपारेका बालुवामा पछार्न बेर नलाउलान भन्न सकिदैन । त्यसैले बेलैमा राजनीतिक पार्टीहरुले आफ्नो मानवीय परिचालन गर्न ढिलो गर्नुहुदैन ।

# अन्तराष्ट्रिय

## दिल्लीमा वायु प्रदूषण ‘अत्यन्तै खराब’



■ एजेन्सि

नयाँदिल्ली – भारतको राजधानी नयाँदिल्लीमा सोमबारको वायु प्रदूषण 'अत्यन्तै खराब' मापन भएको छ। दिल्लीमा हरेक वर्ष जाडोयाम सुरू भएसँगै वायु प्रदूषणको समस्या दोहोरिने गरेको छ।

केन्द्रीय प्रदूषण नियन्त्रण बोर्डका अनुसार सकुरपुर र वरपरका क्षेत्रमा प्रदूषणको तह ‘अति खराब’ अर्थात् एक्यूआई ३४६ रेकर्ड भएको छ। त्यस्तै आनन्द विहार क्षेत्रमा प्रदूषणस्तर ३ सय भन्दामाथि पुगेको छ। इन्डिया गेट वरपरका क्षेत्रमा एक्यूआईको तह ३०९ रेकर्ड भएको छ भने सफदर जंगमा ३०७ रेकर्ड गरिएको छ।

दिल्लीका मुख्यमन्त्री आतिशी मार्लेनाले वातावरणमन्त्री गोपाल र ायसँगै आनन्द विहारको भ्रमण गरेकी छन् । त्यस क्रममा आतिशीले प्रदूषण नियन्त्रण गर्ने प्रयासको अनुगमन गर्नुका साथै आनन्द विहार क्षेत्रमा उच्च वायु प्रदूषण हुनुको कारणबारे पनि छलफल गरेकी छन् ।

चिसो मौसम, पुराना गाडीहरूबाट निस्केको धूवाँ र धूलोका कारण वायुको गुणस्तर बिग्रेको जनाइएको छ। भारतका नदीहरूमा प्रदूषण स्तर बढ्दै जाँदा यमुना नदीमा विषाक्त फोम तैरिरहेको देखिएको छ। साबुन, डिटर्जेन्ट र अन्य प्रदूषित सामग्री नदीमा मिसिएको जनाइएको छ।

यसैबीच, काठमाडौँमा पनि वायुको स्तर खस्कँदै गइरहेको एअर क्वालिटी इन्डेक्सले देखाएको छ। एअर क्वालिटी इन्डेक्सका अनुसार सोमबार दिउँसो काठमाडौंमा वायुको गुणस्तर एक्यूआई १२१ मापन भएको छ। सोमबार बिहान सवा १० बजे काठमाडौंको वायुको गुणस्तर सूचकांक १४२, ललितपुरको १५७ र भक्तपुरको १३७ मापन भएको थियो।

## हेजबुल्लाहलाई सहयोग गर्ने लेबनानका बैंकमा इजरायलको आक्रमण



बेरुत – इजरायलले हेजबुल्लाह समूहलाई सहयोग उपलब्ध गराएको दाबी गर्दै दक्षिणी लेबनान र बेरुतका बैंकमा आक्रमण गरेको छ। इजरायली रक्षा बल (आईडीएफ)ले दक्षिणी लेबननस्थित हेजबुल्लाहको नियन्त्रणमा रहेका दाहिय र बेका उपत्यका क्षेत्रमा भीषण हवाई आक्रमण गरेको बीबीसीले जनाएको छ। आक्रमणमा मानिसहरू हताहत भएको विषयमा भने केही उल्लेख गरिएको छैन।

लेबनानको सरकारी समाचार संस्था एनएनएले बेका उपत्यकालगायतका स्थानमा अल-कार्द अल-हसन बैंकका केही शाखामा आईडीएफले आक्रमण गरेको जनाएको छ। त्यस्तै, बेरुतस्थित रफिक हरारी अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा रहेको बैंकका पनि आक्रमण भएको जनाइएको छ।

आक्रमणपछि विमानस्थलनजिकै धूवाँ उडेको तस्बिरहरु सार्वजनिक भएका थिए। लेबनानमा उक्त बैंकका ३० भन्दा धेरै शाखा रहेका बीबीसीले जनाएको छ। तीमध्ये १५ वटा बेरुतमा छन्। बैंकले हेजबुल्लाहलाई आर्थिक सहयोग गर्ने गरेको इजरायल र अमेरिकाको दाबी छ।

यसअघि आईडीएफले बेरुतका १४ र लेबनानका २० क्षेत्रमा आक्रमण गर्ने चेतावनी दिएको थियो। आईडीएफले आफ्नो आक्रमण हेज्बुल्लाहलाई सहयोग पुऱ्याइरहेका बैंक तथा अन्य वित्तीय पूर्वाधारहरूमा आक्रमण गरिने जनाएको थियो।

आईडीएफका प्रवक्ता ड्यानियल हगारीले आइतबार साँझ एउटा विज्ञप्ति जारी गर्दै हेज्बुल्लाहलाई आर्थिक सहयोग गरिरहेका क्षेत्रमा रहेका स्थानीयलाई तत्काले अन्यत्र जान चेतावनी दिएका थिए। ‘हामी केही घण्टामै कैयौं स्थानमा आक्रमण गर्दै छौं,’ उनले भनेका थिए। इरानले गैरसैनिक संघसंस्थाका माध्यमबाट हेजबुल्लाहलाई आर्थिक सहयोग उपलब्ध गराएको सूचना प्राप्त भएको हगारीको दाबी छ।

# ड्रागन फ्रुटसँगै सयपत्री फूलको खेती



मन्थली- फल लाग्ने अवस्थाको ड्रागन फ्रुटको बोट र त्यससँगै रोपिएको सयपत्रीको फूलले बारी पहेँलपुर छ। मन्थली नगरपालिका-५ सुनारपानीका रामबहादुर शाहीले बनमाराले भरिएको जग्गामा खनजोत गरी सुरु गरेको ड्रागन फ्रुट र सयपत्री फूलको खेती हेर्न त्यहाँ पुग्ने जो कोही पनि लोभिन्छन्।

पाँच रोपनीमध्ये तीन रोपनीमा उनले ड्रागन फ्रुट मात्रै लगाउनुभएको छ भने बाँकी दुई रोपनीमा ड्रागन फ्रुटसँगै सयपत्रीको पनि खेती गरिरहेका छन्। तिहार सुरु हुने समयमा झपक्कै फूलेका सयपत्रीले त्यहाँको दृश्य मनमोहक बनाइदिएको छ।

लामो समयदेखि बनमारा मात्रै उम्रिएको जग्गामा दुई वर्षअघि शाहीले ड्रागन फ्रुट लगाउने निर्णय गरेका थिए। सुरुमा तीन सय बोट ड्रागन फ्रुट रोपेका उनले त्यससँगै सयपत्री फूल पनि रोपेका थिए। एउटै जग्गाबाट अहिले उनले दोहोरो लाभ लिएका छन्। उनले सयपत्री बाहेक विभिन्न प्रजातिका विरुवाहरु उत्पादन गर्न नर्सरीको समेत व्यवस्था गरेको सुनाए।

उनले भने, 'लामो समयदेखि काठमाडौँमा फूलको नर्सरी सञ्चालन गरेको थिए, त्यही अनुभवका आधारमा यहाँ पनि फूल र विभिन्न विरुवाको नर्सरी सुरु गरेको हुँ।' आफ्नै गाउँमा केही गरौँ र स्थानीय किसानलाई सहयोग गर्नुपर्छ भन्ने सोचले आफूले यहाँ खेती सुरु गरेको उनको भनाइ छ।

शाहीलाई नगरपालिकाबाट पनि सहयोग प्राप्त भइसकेको छ। फूल खेतीका लागि नगरपालिकाले रु एक लाख अनुदान उपलब्ध गराएको नगर कार्यपालिकाका सदस्य एवं वडा नं ५ का अध्यक्ष रबिन कार्कीले जानकारी दिए।

साथै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाद्वारा मन्थलीमा सञ्चालित जुनार जोन कार्यक्रममार्फत कागतीका विरुवा उत्पादनका लागि रु पाँच लाख अनुदान लिएको परियोजनाका कार्यालय प्रमुख थिरलाल गैरेले बताए।

आफ्नो कम्पनी भदौरे कालिका कृषि तथा पशु पंक्षी फार्मले परियोजनामार्फत अनुदान प्राप्त गरेको र यसले काम गर्न हौसला मिलेको शाहीको भनाइ छ। उनले भने, 'मेहनत गर्ने हो भने स्वदेशमै केही गर्न सकिन्छ, सरकारले पनि सहयोग गर्छ, यसबाट कृषि क्षेत्रमै धेरै काम गर्न सकिन्छ भन्ने विश्वास जागेको छ।'

उनले उत्पादन गर्नुभएको सयपत्री फूल सदरमुकाम मन्थलीदेखि दोलाखा, सिन्धुलीदेखि काठमाडौँसम्म जाने गरेको छ। उनले ड्रागन फ्रुट प्रतिकिलो रु तीन सय ५० र सयपत्री फूल प्रतिकेजी रु दुई सय ५० मा बिक्री सुरु गरेको छ।

यसवर्षको तिहारमा उनले सयपत्री बिक्रीबाट रु तीनदेखि पाँच लाखसम्म आम्दानी गर्ने योजना बनाएका छन्।

# संरक्षणमा चासो नदिदा लोप हुदै पानी घट्ट

कालीकोट- विकास र प्रविधिको पहुँचसँगै संरक्षणमा चासो नदिँदा कालिकोटका ग्रामीण भेगबाट रैथाने सीप र प्रविधिको प्रयोग गरी निर्माण गरिएका पानी घट्टलगायतका मौलिक सम्पदा लोप हुँदै गएका छन्।

एक दशक अगाडिसम्म कालिकोटका अधिकांस ग्रामीण क्षेत्रमा अत्यधिक रुपमा प्रयोग हुने गरेका पानी घट्ट अहिले लोप भएका हुन्।

पानी घट्ट अन्न पिस्ने परम्परागत प्रविधि हो । गाउँ-गाउँमा पानी तथा बिजुलीमार्फत सञ्चालन हुने मिल पुगेपछि यो प्रविधि लोप हुने अवस्थामा पुगेको रास्कोट नगरपालिका वडा नम्बर ३ का स्थानीय नवीन कुमालले बताए।

केही समय पहिला गाउँमा (अन्न पिस्ने काम) का लागि पानी घट्ट एकदमै भरपर्दो माध्यमका रुपमा परिचित थियो। तर यसको लोभ हुनुको कारण भनेकै एउटै हो, आधुनिक मिलको प्रयोग, पछिल्लो समय मिलनै यसको उचित विकल्प बनेको छ।

'खासगरी पानी घट्ट खोला तथा नदि किनारमा बनाइने गरिन्छ। खोलाको पानीलाई काठको पदालो निर्माण गरी केही माथिदेखि ठूलो काठको पदालोमार्फत फिर्केसम्म झर्ने गरी बनाइएको हुन्छ र पानीले फिर्के घुमाएपछि अन्नपात पिस्ने गरिन्छ' उनले भने।

पछिल्लो समय लोभ हुँदै गएको पानी घट्टको संरक्षण गर्नुपर्छ भन्ने हेतुले विगत दश दशकदेखि सञ्चालन गर्दै आइरहेको पानी घट्टको संरक्षण गर्नका लागि अहिलेसम्म सञ्चालन गर्दै आइरहेको बताए।

ग्रामीण क्षेत्रमा बसोबास गर्दै आइरहेका नागरिकको शारीरिक जीवनको अंगजस्तै बनेको पानी घट्टलाई संरक्षण गर्नका लागि अनुदानको व्यवस्था गरेर भएपनि यस्ता रैथाने सीपको संरक्षण गर्नुपर्ने हो, तर कुनै पनि स्थानीय सरकारले यसको संरक्षणका लागि चासो दिएको छैन।

यदि सरकारले चासो दिने हो भने लोभ हुनबाट बञ्चित गर्न सकिने समेत घट्ट सञ्चालक बले कुमालको भनाइ रहेको छ। पछिल्लो समय जिल्लाका अधिकांस गाउँठाउँमा फाटफुट पानी घट्ट चल्ने गरेका देखिन्छन्।



# शून्य कार्बन स्कुलको अवधारणा कार्यान्वयन




काठमाडौं- विद्यालय तहका विद्यार्थीलाई लक्षित गरी जापानको शिक्षा मन्त्रालय र नागोया साङ्ग्यो विश्वविद्यालयद्वारा जलवायु परिवर्तनको सामना गर्न वातावरणीय साक्षरतालाई बढावा दिने र मूल्याङकन गर्ने शैक्षिक कार्यक्रम सञ्चालन गरिएको छ।

जापानको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (एडिपोर्ट जापान) अन्तर्गत नागोया साङग्यो विश्विविद्यालय र पोखरास्थित पश्चिमाञ्चल विद्यालयबिच वायुमण्डलमा फैलिएको कार्बन डाइअक्साइडको अवस्था र वातावरणसम्बन्धी साक्षरता फैलाउने कार्यक्रमको समझदारीपत्रमा सम्झौता भएको छ।

नेपालमा पहिलो पटक सञ्चालन भएको यो कार्यक्रम ताइवान, भियतनाम, इन्डोनेसिया र जापानका विभिन्न विद्यालयमा पनि कार्यान्वयनमा रहेको छ । यस कार्यक्रमले विद्यार्थीलाई वातावरणसम्बन्धी ज्ञानका साथै विश्वव्यापी रुपमा मुख्य चुनौतीको रुपमा रहेको जलवायु परिवर्तनका कारण सिर्जित असर, कार्बन डाइअक्साइडमा भएको वृद्धिलगायतका विषयमा प्रयोगात्मक तरिकाबाट बुझाउन मद्दत गराउँछ। साथै, विद्यार्थीमा परिवतर्नका असर सामना गर्न र वातावरणीय साक्षरतालाई अभिवृद्धि गर्न सहयोग पुग्ने बताइएको छ।

गण्डकी, बागमती र लुम्बिनी प्रदेशका पाँच जिल्ला कास्की, रूपन्देही, भक्तपुर, ललितपुर र बर्दियामा सञ्चालन गरिएको छ । गण्डकी प्रदेशमा पश्चिमाञ्चल माध्यमिक विद्यालय, अमर सिंह मावि, गण्डकी बोर्डिङ स्कुल, बागमतीमा एसओएस हेर्मन माइनर माध्यामिक विद्यालय सानोठिमी, युनाइटेड एकेडमी र लुम्बिनीमा शङ्करनगर दुर्गादत्त माध्यामिक विद्यालय र जनता माध्यामिक विद्यालयमा यो कार्यक्रम लागू भएको छ।

सम्झौता हस्ताक्षरपछि पश्चिमाञ्चल विद्यालयका प्राचार्य सरोज कोइरालाले नेपालमै पहिलो पटक जापान सरकारको प्रत्यक्ष सहभागितामा भएको कार्यक्रममा आफ्नो विद्यालयले सहभागी हुन पाउँदा खुसी लागेको र यसले विद्यार्थीको वातावररणप्रतिको सचेतना अझ बढ्ने मद्दत पुग्ने बताए। प्रयोगात्मक विधिबाट गरिने अध्ययनबाट विद्यार्थीले रुख, बिरुवा भएको ठाउँ, घना बस्तीबीचको कार्बनडाइअक्साइडको मात्रामा रहेको फरकबारे जानकारी पाउने उनको भनाइ छ।

यसैबिच संयुक्त राष्ट्रसङ्घले विश्वका देशलाई विद्यालयमा जलवायु परिवर्तनसम्बन्धी विषयलाई अनिवार्य बनाउन आह्वान गरेअनुसार नेपालमा पनि नमूनाको रुपमा केही विद्यालय छनोट गरी कार्यक्रम सञ्चालन गरिएको नागोया साङग्यो विद्यालयमा विद्यावारीधि गरिरहेका सन्जोक पौडेलले बताए।

अनुसन्धानको क्रममा आफूले जापानका तीनवटा प्रान्तमा वायुमण्डलमा भएको काबर्नडाईअक्साइडको मात्राको अध्ययन गरी मौसम अनुसारको हुने परिवर्तन, हावाको गतिको असर तथा जैविक वातावरणमा काबर्नडाईअक्साइडको एकाग्रताको मापन गरी मौसम विज्ञान घटनाको प्रभावमा गरिरहेको अनुसन्धान नेपालका लागि उपयोगी हुने बताए।

उनकै पहलमा देशका विभिन्न विद्यालयमा वातावरणीय शिक्षाअन्तर्गत शून्य कार्बन स्कुलको अवधारणा पहिलो पटक रूपन्देहीको तिलोत्तमा नगरपालिकास्थित शङ्करनगर दुगार्दत्त माद्यामिक विद्यालयमा सञ्चालन गरिएको छ। शून्य कार्बन स्कुलको अवधारणाको शुभारम्भ गर्दै जापानका प्राडा इतोउ मासाकाजुले कार्बन तटस्थताको सम्भावना र कठिनाइहरूको जानकारी बालबालिकाको लागि निकै उपयोगी हुने विश्वास व्यक्त गरे।

सो अवसरमा विद्यालयका प्रधानाध्यापक चण्ड पाण्डेले जलवायु परिवर्तनको प्रभाव बढ्दै गएको अवस्थामा विद्यार्थीलाई विद्यालय तहदेखि नै जिरो कार्बन अवधारणाका बारेमा जानकारी गराउनु निकै उपयोगी रहेको बताए।

## अछुत



### तिला लेकाली

रचनाकाल : २०७८/०७/१०


मेरा हातले माटो मुछेर
ढुङ्गा कुटेर बनाएँ यो सुन्दर मन्दिर
राखेँ छानोमा सुनको गजुर
यी हेर्नोसु त हातभरि ठेला।

मेरा पसिनाले मुछेर बनाएको हो
ढुङ्गा र माटोको भगवान्
काठ/सिमेन्टको मूर्ति।

म मूर्ति सर्जक इन्कारिन्छु/ दुत्कारिन्छु
मैले बनाएको गाग्री चल्यो
लोहोटा चल्यो तर पानी चलेन
म अछुत भएँ।

तर चेतना रहोस्
अछुत त त्यो हा
जो निमुखाको रगत र पसिना पिएर
भ्रष्टाचारको गोडमेल र मलजलले
नचल्नु पर्ने चाहिँ ऊ हो
ऊ हो अछुत।

# "केटी हराएको सूचना"को दोस्रो टिजर



काठमाडौं- गुरु नानक जयन्तीको विदा पारेर यही कात्तिक ३० गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'केटी हराएको सूचना'को दोस्रो टिजर सार्वजनिक गरिएको छ। एक मिनेट लम्बाईको संवादविहीन टिजरले प्रेम, द्वन्द्व र रहस्यलाई प्रस्तुत गर्छ। अभिनेता नाजिर हुसेन र अभिनेत्री सृष्टि श्रेष्ठलाई पछ्याएको टिजरले उनीहरुको सम्बन्धमा आउने उतार-चढावलाई देखाउँछ, जुन रोचक छ।


टिजरको अन्त्यमा नाजिरलाई सृष्टिले बन्धक बनाएको दृश्य छ, जहाँ उनी नाजिरको घाँटीमा चक्कु राखेर रिसाहा भावमा देखिएकी छन्। यो दृश्यले पहिलो टिजरको विपरीत परिणाम प्रस्तुत गर्छ, जहाँ नाजिरले सृष्टिको आँखा, मुख र हातखुट्टा बाँधेर अपहरण गरेको देखाइएको थियो। फरक कथा भनेको दुईवटा टिजरले फिल्मप्रति दर्शकमा उत्सुकता बढाउने देखिन्छ।

३२ वर्षअघिको डकु-ड्रामा 'उजेली'का निर्देशक दीपेन्द्र गौचनले फिल्मको निर्देशन गरेका हुन्। दीपेन्द्रकै निर्माण रहेको फिल्ममा उनी स्वयंकै स्क्रिप्ट लेखन छ। यसमा नाजिर र सृष्टिसँगै सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, रुपेश मण्डल, सुदीप पटेल लगायतको अभिनय छ। फिल्ममा अमितेष शाह विशेष भूमिका छन्।

नेपालकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सका सञ्चालक नकिम उद्दिन कार्यकारी निर्माता रहेको फिल्ममा मनोहर दास मुल, अनिन राजभण्डारी, राजीव थापा, रोबिन थापा, राधेश पन्त, महेन्द्र शाक्य, ज्योतिमान शेरचन, चन्द्र भट्टचन, सञ्जय भट्टचन सह-कार्यकारी निर्माता तथा अमितेष शाह सहायक निर्मातामा छन्। फिल्ममा अमर महर्जनको डीओपी, निमेष श्रेष्ठको सम्पादन, शंकर महर्जनको द्वन्द्व निर्देशन तथा राजीव कर्णको कोरियोग्राफी रहेको छ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ११, २०८१ साल कातिक ६ गते मंगलबार (Oct 22, 2024)

# नेपाली लुब्रिकेन्ट्स बजारमा सर्भो र गल्फबीच प्रतिस्पर्धा




काठमाडौं- बेलायतको प्रतिष्ठित लुब्रिकेन्ट ब्रान्ड 'भिडोल' नेपालमा उत्पादन गर्न थालेको एक महिना भयो । भिडोल लुब्रिकेन्ट्सको आधिकारिक बिक्रेता युनाइटेड लुब्रिकेन्ट्स इण्डस्ट्रिजले धनुषाको ढल्केवर-३ लालभित्ती चोकमा ५० करोड रुपैयाँको लागतमा प्लान्ट निर्माण गरी असोज १ देखि उत्पादन सुरु गरेको हो ।

बजारमा अहिले भिडोलको हिस्सा २ प्रतिशत मात्र रहेकामा अब बढाएर २० प्रतिशत पुऱ्याउने कम्पनीको लक्ष्य छ । त्यसो त कम्पनीले 'नेपाल गोल्ड' ब्रान्डको लुब्रिकेन्ट र ग्रिज पनि उत्पादन गर्दै आएको छ ।

बजारमा डेढ दर्जनभन्दा बढी ब्राण्डका लुब्रिकेन्ट्स उपलब्ध रहेकामा सर्भोको हिस्सा सबैभन्दा बढी देखिएको छ ।

भन्सार विभागको तथ्यांक अनुसार सर्भो लुब्रिकेन्ट्स मार्केट लिडरको रुपमा छ । नेपाली बजारमा सर्भोले ११ प्रतिशत हिस्सा ओगटेको छ । दुई पाङ्गे सवारीसाधन र औद्योगिक क्षेत्रमा सर्भोको बलियो पकड छ ।

सर्भो लुब्रिकेन्ट्स नेपालमै उत्पादन गर्ने प्रक्रिया अगाडि बढाइएको छ । गोल्छा ग्रुप अन्तर्गतको हंशराज हुलासचन्द एण्ड कम्पनीले २०८० जेठमा इन्डियन आयल कर्पोरेसन (आईओसी)सँग सम्झौता गरे अनुसार अहिले धमाधम प्लान्ट निर्माणको काम भइरहेको छ । गोल्छा ग्रुप र आईओसीले ५०/५० प्रतिशत लगानीमा प्लान्ट निर्माण गरिरहेका हुन् ।

सर्भोको प्रतिस्पर्धीका रुपमा गल्फ लुब्रिकेन्ट्स छ । १० प्रतिशत बजार लिएको गल्फ लुब्रिकेन्ट्स नेपाल ल्युब कम्पनीले उत्पादन गर्दै आएको छ । ४० वर्षअघि सरकारी स्वमित्वमा सञ्चालनमा आएको नेपालकै पहिलो लुब्रिकेन्ट्स उत्पादक कम्पनी अहिले सीजी होल्डिङस् अन्तर्गत छ ।

गल्फसहित १ दर्जनभन्दा बढी ब्रान्डका लुब्रिकेन्ट्स अहिले स्वदेशमै उत्पादन हुने गरेका छन् ।

बजारमा उपस्थितिका आधारमा पूर्वाञ्चल ल्युब आयलको उत्पादन पीएलओ तेस्रो स्थानमा छ । यो लुब्रिकेन्ट्सको बजार हिस्सा ९ प्रतिशत छ । ५ प्रतिशत बजार हिस्सासहित कन्ट्रोल लुब्रिकेन्ट्स चौथो स्थानमा छ ।

पाँचौं स्थानमा रहेको एचपी लुब्रिकेन्ट्सको मार्केट हिस्सा ४ प्रतिशत छ । हिन्दुस्तान पेट्रोलियम कर्पोरेसनको आधिकारिक बिक्रेता एमएडब्लू ग्रुपले स्वदेशमै लुब्रिकेन्ट्स उत्पादनका लागि प्लान्ट निर्माण गरिरहेको छ । म्याक र क्यास्ट्रोल लुब्रिकेन्ट्सको बजार हिस्सा पनि ४ प्रतिशत छ ।

म्याक लुब्रिकेन्ट्सको आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङ तथा क्यास्ट्रोलको आधिकारिक बिक्रेता नेपाल ओभरसिज ट्रेडिङ कन्सर्न हुन् । यी लुब्रिकेन्ट्स दुई दशकदेखि नेपाली बजारमा उपलब्ध छन् ।

यस्तै बजारमा म्याक्सकोलको हिस्सा ३ तथा इएनआई, नेपाल गोल्ड, भिडोल, एमबी, गुडराइड र टीभीएसको हिस्सा २/२ प्रतिशत छ । भोल्भोलाइन १ प्रतिशतमा सीमित हुँदा ३९ प्रतिशत बजार अन्य ब्रान्डले लिएको बिक्रेताहरुको भनाइ छ ।

स्वदेशमा उत्पादितभन्दा विदेशबाट आयात हुने लुब्रिकेन्ट्सको हिस्सा ठूलो छ । एकै वर्षमा साढे ३४ हजार किलोलिटरसम्म लुब्रिकेन्ट्स आयात गरिउको भन्सार विभागको तथ्यांक छ ।

लुब्रिकेन्ट्स २०७३/७४ मा २१ हजार ७६६ किलोलिटर आयात भएकामा २०७८/७९ मा ३४ हजार ५२९ मिलोलिटर भित्र्याइएको देखिन्छ । तर, २०७९/८० मा लुब्रिकेन्ट्सको आयात ह्वात्तै घट्न पुग्यो । यो वर्ष २४ हजार ७३४ किलोलिटरमा सीमित भएको आयात गत वर्ष बढेको तथ्यांक छ । गत वर्ष ३१ हजार ९०५ किलोलिटर लुब्रिकेन्ट्स आयात भएको हो ।

## अनधिकृत ठाउँमा मर्मत गर्दा ईभी कारमा प्राविधिक समस्या



काठमाडौं- कातिक ५ गते बिहान काठमाडौंको सितापाइलाको एक सर्भिस सेन्टरमा पार्किङ गरेर राखेको विद्युतीय कारमा तार शर्ट भएर धुँवा निस्किएको थियो ।

'गाडीमा देखिने नियमित प्राविधिक समस्या अन्त समाधान नभएपछि सर्भिस सेन्टरमा ल्याइएको उक्त गाडिमा शर्ट सर्किट भएर धुवाँ डिस्चार्ज भएको थियो,' कम्पनीले भनेको छ, 'उक्त गाडि विगतमा अनधिकृत सेवा केन्द्रहरू मार्फत् मर्मत सम्भार गरिएको हुन सक्ने र त्यसैका कारण प्राविधिक खराबी उत्पन्न भएको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।'

सुरक्षा सतर्कताका निम्ति कम्पनीले सक्रियतापूर्वक स्थितिलाई नियन्त्रण लिएको र ब्याट्री र मोटर दुवैमा क्षति नभएको कम्पनीले जारी गरेको प्रेस नोटमा उल्लेख छ ।

'कम्पनीको प्रारम्भिक अनुसन्धान अनुसार गाडीको ब्याट्री र मोटर दुवैमा क्षति नभएका कारण कुनै समस्या देखिएको छैन भने यसमा थप अनुसन्धान भने भइरहेको छ,' कम्पनीले भनेको छ ।

विद्युतीय सवारी साधनहरू धेरैखाले सुरक्षा सुविधाहरूले सुसज्जित हुने भन्दै सो कम्पनीले आफ्नो सवारी साधनको मर्मत सम्भार तोकिएको सेवा केन्द्र मार्फत् मात्र गराउन पनि अनुरोध गरेको छ ।

# एमजीले भारतमा थाल्यो इभीका लागि 'ब्याट्री रेन्टल प्रोग्राम,'

काठमाडौं- भारतमा एमजीले ल्याएको नयाँ योजना विद्युतीय सवारीको बजारमा चर्चामा छ । कम्पनीले एमजी वीन्डसोर इभी किन्दा ब्याट्री भाडामा लिन पाइने योजना पनि सुरु गरेको छ । यस्तै एमजी कोमेट र जेडएस इभीमा पनि यस्तो सुविधा उपलब्ध हुने जनाइएको छ ।

ब्याट्री प्याकको मूल्य एमजी वीन्डसोर इभीको मूल्यमा समावेश गरिएको छैन, तर ग्राहकले ब्याट्री प्रयोगका लागि प्रति किलोमिटरका दरले पैसा तिर्नुपर्नेछ । कम्पनीले ब्याट्री प्याकेज र ब्याट्री भाडामा लिन पाउने गरि दुवै सुविधा दिइएको छ ।

ब्याट्रीबिना यसको मूल्य ९ लाख ९९ हजार रुपैयाँ भारु तोकिएको छ । यसलाई अन्य भारतीय गाडी कम्पनीहरुले धेरै आक्रामक मूल्यमा लन्च गरिएको बताएका छन् । यसको मूल्य टाटा पञ्च इभीको नजिक छ, जबकि स्पेसिफिकेसन र फीचर्स टाटा नेक्सन इभी र महिन्द्रा एक्सयुभी ४०० इभी जस्तै छन् ।

एमजीले वीन्डसोर इभीको मूल्य निर्धारण आक्रामक राख्नको लागि 'ब्याट्री-एज-अ-सर्भिस' रेन्टल प्रोग्राम योजना सुरु गरेको छ ।




के हो ब्याट्री रेन्टल प्रोग्राम ? फाइदा छ ?

एमजीले गाडीको मूल्य कम राख्नुको कारण यसको मूल्यमा गाडीको ब्याट्री प्याकको लागत समावेश छैन । ब्याट्री प्याक प्रयोग गर्दा प्रति किलोमिटर भारु ३.५ रुपैयाँ तिर्नुपर्नेछ । यो सेवा केही हदसम्म धेरैले आफ्ना घरमा सफा पानी खानका लागि प्रयोग गर्ने आरओ प्युरीफायर हरूका लागि गर्ने जस्तै हो भनेका छन्, जसमा तपाईंले मेसिन किन्न पैसा तिर्नु पर्दैन, बरु मेसिन प्रयोग गर्न भाडा तिर्नु पर्छ ।

यसको फाइदा यो हो कि तपाईले सामान्य विद्युतीय सवारीको तुलनामा सस्तो मूल्यमा इभी किन्न सक्नुहुन्छ । तर ब्याट्री प्रयोग गरेबापत पैसा तिर्नुपर्ने सर्त राखिएको छ । ग्राहकले १५०० किलोमिटरसम्मको ब्याट्री प्याक रिचार्ज गर्नुपर्नेछ, जसको मूल्य भारु ५ हजार २५० (३.५ ह १५०० किलोमिटर) पर्छ ।

तपाईंले चार्जिङ लागतहरू पनि तिर्नुपर्नेछ, जुन ब्याट्री भाडामा लिने लागतबाट अलग हुन्छ । एमजी भारतमा प्रारम्भिक ग्राहकहरूलाई कम्पनीको चार्जिङ नेटवर्कमा एक वर्षसम्म निःशुल्क फास्ट चार्जिङ सुविधा उपलब्ध गराउँदै आएको छ, जसले ग्राहकहरूको खर्च घटाउनेछ ।

कम्पनीले पहिलो ग्राहकलाई लाइफटाइम वारेन्टी दिँदै आएको छ, तर कार बिक्री गरेमा यो वारेन्टी ८ वर्ष वा १ लाख ६० हजार किलोमिटरसम्म मान्य हुनेछ । यो सुविधा नेपाली बजारमा पनि आउन सक्ने सम्भावना छ । अहिले एमजीको आधिकारिक बिक्रेता पारामाउन्ट मोटर्सले एमजी कोमेट भारतबाट आयात गर्दै आइरहेको छ ।

पारामाउन्टले नेपालमा यो योजना ल्याउनेबारे तत्कालै सार्वजनिक नगरे पनि बजार अध्ययन भने गरिरहेको छ । कम्पनीले एमजीका गाडीहरुको बिक्रीको परिमाणलाई ध्यानमा राखेर नयाँ योजना अघि बड्ने संकेत गरेको छ । भारतमा अटोमोबाइलको बजार फराकिलो हुनुका साथै धेरै कम्पनीहरुले प्रतिष्पर्धाको वातावरण छ । जबकी नेपालमा बजार सानो छ, प्रतिष्पर्धा चर्को । त्यसैले इभी बिक्रीको संख्यालाई नेपाली बिक्रेता कम्पनीले सर्भिसिङसँगै अन्य सुविधा निर्धारणको मापदण्डका रुपमा हेरेका छन् ।

भारतमा ग्राहकले अब भारु २.४ प्रति किलोमिटरको ब्याट्री भाडाको साथमा ४ लाख ९९ हजार रुपैयाँको प्रारम्भिक मूल्यमा एमजी कोमेट इभी घर ल्याउन सक्नेछन् । त्यसैगरी, एमजी जेडएस इभि १३ लाख ९९ हजारमा खरिद गर्ने व्यवस्था मिलाएको छ । जसलाई ब्याट्रीको भाडा प्रति किलोमिटर ४.५ रुपैयाँ लाग्नेछ ।

एमजी वीन्डसोरको ओभरभ्यु

कोमेट इभी र जेडएस इभीपछि विन्डसर इभी भारतमा एमजीको तेस्रो इलेक्ट्रिक कार हो । यसमा अगाडि र पछाडि एलईडी लाइटहरू जडान गरिएको छ जसले यसलाई बल्की लुक दिन्छ । अन्य हाइलाइटहरूमा १८-इन्च डुअल-टोन कलर र फ्लस-फिटिङ डोर ह्यान्डलहरू समावेश छन् ।

विन्डसोर इलेक्ट्रिक कारमा दुई वटा स्क्रिन छन्ः १५.६ इन्चको टचस्क्रिन इन्फोटेनमेन्ट र ८.८ इन्चको डिजिटल ड्राइभर डिस्प्ले । यसको केबिन धेरै ठाउँमा कन्ट्रास्ट कपर रङ इलेमेन्टहरूसँग ब्लाक रङमा छ । पछाडिको यात्रुको आरामको लागि एक रिक्लाइनिंग रियर सीट प्रदान गरिएको छ, जसलाई १३५ डिग्रीसम्म एडजस्ट गर्न सकिन्छ ।

विन्डसोर इभीमा ठूलो स्क्रिन, वायरलेस एप्पल कारप्ले र एन्ड्रोइड अटो कनेक्टिभिटी, अटोमेटिक एसी, प्यानोरामिक ग्लासको रुफ, वायरलेस फोन चार्जर र भेन्टिलेटेड फ्रन्ट सिट जस्ता सुविधाहरू छन् । सुरक्षाका लागि ६ वटा एयरब्याग, ईबीडीसहितको एबीएस, ३६० डिग्री क्यामेरा, रियर पार्किङ सेन्सर र इलेक्ट्रोनिक स्टेबिलिटी कन्ट्रोल जस्ता सुरक्षा सुविधाहरू उपलब्ध छन् ।

यसमा ३८ किलोवाट आवरको ब्याट्री प्याक छ जसलाई फुल चार्ज गर्दा ३३१ किलोमिटरसम्म चलाउन सकिने कम्पनीको दाबी छ ।



सुशासन प्रवर्द्धन गरौं

- कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
- भ्रष्टाचार, अनियमितता विरुद्ध शून्य सहनसील बनौं,
- सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
- राज्य र समाजप्रतिको जिम्मेबारी तथा कर्तव्यबोध गरौं,
- रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
- विकास निर्माणका कार्यमा सहभागी बनौं,
- अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं,
- सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार